८०१०४११५	पालुङटार नगरपालिका	३४५४५	३०९४८	८९.५९	०	०	०.००	०	०	०.००	३४५४५	३०९४८	८९.५९
८०१०४११६	बेसीशहर नगरपालिका	२८३८३	२०७४३	७३.०८	०	०	०.००	०	०	०.००	२८३८३	२०७४३	७३.०८
८०१०४११७	मध्यनेपाल नगरपालिका	२२३८६	१३७४४	६१.३९	०	०	०.००	०	०	०.००	२२३८६	१३७४४	६१.३९
८०१०४११८	राईनास नगरपालिका	२०५९१	१२७७८	६२.०६	०	०	०.००	०	०	०.००	२०५९१	१२७७८	६२.०६
८०१०४११९	सुन्दरबजार नगरपालिका	३०४९८	२१४२२	७०.२४	०	०	०.००	०	०	०.००	३०४९८	२१४२२	७०.२४
८०१०४१२०	कुश्मा नगरपालिका	२५२४४	२३४९४	९३.०७	०	०	०.००	०	०	०.००	२५२४४	२३४९४	९३.०७
८०१०४१२१	फलेवास नगरपालिका	२२७०६	१९२६५	८४.८५	०	०	०.००	०	०	०.००	२२७०६	१९२६५	८४.८५
८०१०४१२२	गल्कोट नगरपालिका	२५०२१	१९१३९	७६.४९	०	०	०.००	०	०	०.००	२५०२१	१९१३९	७६.४९
८०१०४१२३	जैमिनी नगरपालिका	२७४०५	२१२४२	७७.५१	०	०	०.००	०	०	०.००	२७४०५	२१२४२	७७.५१
८०१०४१२४	ढोरपाटन नगरपालिका	२२८३८	१९८४४	८६.८९	०	०	०.००	०	०	०.००	२२८३८	१९८४४	८६.८९
८०१०४१२५	बारलुङ नगरपालिका	३१८८२	२८०२३	८७.८९	०	०	०.००	०	०	०.००	३१८८२	२८०२३	८७.८९
८०१०४१२६	बेनी नगरपालिका	२५७८६	२३०३२	८९.३२	०	०	०.००	०	०	०.००	२५७८६	२३०३२	८९.३२
८०१०४३०१	बौदीकाली गाउँपालिका	१९४७९	१७६७२	९०.७२	०	०	०.००	०	०	०.००	१९४७९	१७६७२	९०.७२
८०१०४३०२	बुलिङटार गाउँपालिका	२०५९५	१०८२७	५२.५७	०	०	०.००	०	०	०.००	२०५९५	१०८२७	५२.५७
८०१०४३०३	बिनयी त्रिवेणी गाउँपालिका	३०६८१	२७८५३	९०.७८	०	०	०.००	०	०	०.००	३०६८१	२७८५३	९०.७८
८०१०४३०४	हुप्सेकोट गाउँपालिका	२२४७४	१७४०७	७७.४६	०	०	०.००	०	०	०.००	२२४७४	१७४०७	७७.४६
८०१०४३०५	अर्जुनचौपारी गाउँपालिका	१९७८९	१९२७९	९७.४२	०	०	०.००	०	०	०.००	१९७८९	१९२७९	९७.४२
८०१०४३०६	आँधिखोला गाउँपालिका	२०१३४	२०१३४	१००.००	०	०	०.००	०	०	०.००	२०१३४	२०१३४	१००.००
८०१०४३०७	कालीगण्डकी गाउँपालिका	२१९८८	२१२११	९६.४६	०	०	०.००	०	०	०.००	२१९८८	२१२११	९६.४६
८०१०४३०८	फेदीखोला गाउँपालिका	१८८५१	१७३५५	९२.०६	०	०	०.००	०	०	०.००	१८८५१	१७३५५	९२.०६
८०१०४३०९	विरुवा गाउँपालिका	२१८६४	१८१६८	८३.१०	०	०	०.००	०	०	०.००	२१८६४	१८१६८	८३.१०
८०१०४३१०	हरिनाश गाउँपालिका	२०२१९	१३६८९	६७.७०	०	०	०.००	०	०	०.००	२०२१९	१३६८९	६७.७०
८०१०४३११	आँबुखैरेनी गाउँपालिका	२१७९५	२०३०२	९३.१५	०	०	०.००	०	०	०.००	२१७९५	२०३०२	९३.१५

बजेट उपशिर्षक		चालु			पुँजीगत			वित्तीय व्यवस्था			जम्मा बजेट	जम्मा खर्च	जम्मा खर्च %
कोड	बजेट उपशिर्षक	बजेट	खर्च	खर्च %	बजेट	खर्च	खर्च %	बजेट	खर्च	खर्च %			
८०१०४३१२	ऋषिङ्ग गाउँपालिका	२२८७७	१७५२४	७६.६०	०	०	०.००	०	०	०.००	२२८७७	१७५२४	७६.६०
८०१०४३१३	घिरिङ गाउँपालिका	२०६७०	१९०३३	९२.०८	०	०	०.००	०	०	०.००	२०६७०	१९०३३	९२.०८
८०१०४३१४	देवघाट गाउँपालिका	१९६३२	१७८१५	९०.७५	०	०	०.००	०	०	०.००	१९६३२	१७८१५	९०.७५
८०१०४३१५	म्यारदे गाउँपालिका	२२१३५	१९१५५	८६.५४	०	०	०.००	०	०	०.००	२२१३५	१९१५५	८६.५४
८०१०४३१६	बन्दिपुर गाउँपालिका	२१२५३	१३८८९	६५.३५	०	०	०.००	०	०	०.००	२१२५३	१३८८९	६५.३५
८०१०४३१७	अजिरकोट गाउँपालिका	२४३२५	२०६३७	८४.८४	०	०	०.००	०	०	०.००	२४३२५	२०६३७	८४.८४
८०१०४३१८	आरूघाट गाउँपालिका	२७६६५	२४७८२	८९.५८	०	०	०.००	०	०	०.००	२७६६५	२४७८२	८९.५८
८०१०४३१९	गण्डकी गाउँपालिका	२७९९८	२३९३८	८५.५०	०	०	०.००	०	०	०.००	२७९९८	२३९३८	८५.५०
८०१०४३२०	चुमनुव्री गाउँपालिका	१९०७५	१६७५४	८७.८३	०	०	०.००	०	०	०.००	१९०७५	१६७५४	८७.८३
८०१०४३२१	धार्चे गाउँपालिका	२२१०२	१८३०९	८२.८४	०	०	०.००	०	०	०.००	२२१०२	१८३०९	८२.८४
८०१०४३२२	भिमसेन गाउँपालिका	२७५२४	२३५४०	८५.५३	०	०	०.००	०	०	०.००	२७५२४	२३५४०	८५.५३
८०१०४३२३	शहिद लखन गाउँपालिका	२९९७८	२४४१६	८१.४४	०	०	०.००	०	०	०.००	२९९७८	२४४१६	८१.४४
८०१०४३२४	सिरानचोक गाउँपालिका	२८३१९	२२६९९	८०.१५	०	०	०.००	०	०	०.००	२८३१९	२२६९९	८०.१५
८०१०४३२५	बारपाक सुलिकोट गाउँपालिका	२८७६७	२४१०२	८३.७८	०	०	०.००	०	०	०.००	२८७६७	२४१०२	८३.७८
८०१०४३२६	चामे गाउँपालिका	१४७२०	११६१८	७८.९३	०	०	०.००	०	०	०.००	१४७२०	११६१८	७८.९३
८०१०४३२७	नार्पा भूमि गाउँपालिका	१४२१८	४३८३	३०.८३	०	०	०.००	०	०	०.००	१४२१८	४३८३	३०.८३
८०१०४३२८	नासौं गाउँपालिका	१६२१९	१२२५६	७५.५७	०	०	०.००	०	०	०.००	१६२१९	१२२५६	७५.५७
८०१०४३२९	मनाङ डिस्याङ गाउँपालिका	१६४२८	१३४८५	८२.०९	०	०	०.००	०	०	०.००	१६४२८	१३४८५	८२.०९
८०१०४३३०	क्व्होलासोथार गाउँपालिका	१७६६४	१२३०६	६९.६७	०	०	०.००	०	०	०.००	१७६६४	१२३०६	६९.६७
८०१०४३३१	दुधपोखरी गाउँपालिका	१७६६३	१४३५५	८१.२७	०	०	०.००	०	०	०.००	१७६६३	१४३५५	८१.२७
८०१०४३३२	दोर्दी गाउँपालिका	२०७६२	२०४८९	९८.६९	०	०	०.००	०	०	०.००	२०७६२	२०४८९	९८.६९
८०१०४३३३	मर्स्याङदी गाउँपालिका	२१४७१	१७१४९	७९.८७	०	०	०.००	०	०	०.००	२१४७१	१७१४९	७९.८७
८०१०४३३४	अन्नपूर्ण गाउँपालिका	२३४७४	२२८३९	९७.३०	०	०	०.००	०	०	०.००	२३४७४	२२८३९	९७.३०
८०१०४३३५	माछापुछ्रे गाउँपालिका	२२८५९	१९२०४	८४.०१	०	०	०.००	०	०	०.००	२२८५९	१९२०४	८४.०१
८०१०४३३६	मादी गाउँपालिका	२१२४७	१५३१२	७२.०७	०	०	०.००	०	०	०.००	२१२४७	१५३१२	७२.०७
८०१०४३३७	रूपा गाउँपालिका	१९३४१	१२०७६	६२.४४	०	०	०.००	०	०	०.००	१९३४१	१२०७६	६२.४४
८०१०४३३८	जलजला गाउँपालिका	२१८७९	२०५५५	९३.९५	०	०	०.००	०	०	०.००	२१८७९	२०५५५	९३.९५
८०१०४३३९	पैयूं गाउँपालिका	१९९२४	१९३१२	९६.९३	०	०	०.००	०	०	०.००	१९९२४	१९३१२	९६.९३
८०१०४३४०	महाशिला गाउँपालिका	१७५१३	१५९०५	९०.८२	०	०	०.००	०	०	०.००	१७५१३	१५९०५	९०.८२
८०१०४३४१	मोदी गाउँपालिका	२१८१२	१५४६१	७०.८८	०	०	०.००	०	०	०.००	२१८१२	१५४६१	७०.८८
८०१०४३४२	विहादी गाउँपालिका	१९०५१	१४०३९	७३.६९	०	०	०.००	०	०	०.००	१९०५१	१४०३९	७३.६९
८०१०४३४३	काठेखोला गाउँपालिका	२२८४३	१८३४८	८०.३२	०	०	०.००	०	०	०.००	२२८४३	१८३४८	८०.३२
८०१०४३४४	तमानखोला गाउँपालिका	२१७७४	१५३५७	७०.५३	०	०	०.००	०	०	०.००	२१७७४	१५३५७	७०.५३
८०१०४३४५	ताराखोला गाउँपालिका	२१०२३	१५६३८	७४.३८	०	०	०.००	०	०	०.००	२१०२३	१५६३८	७४.३८
८०१०४३४६	निसीखोला गाउँपालिका	२१५८३	१९०८५	८८.४३	०	०	०.००	०	०	०.००	२१५८३	१९०८५	८८.४३
८०१०४३४७	वडिगाड गाउँपालिका	२४०२४	२१५००	८९.४९	०	०	०.००	०	०	०.००	२४०२४	२१५००	८९.४९
८०१०४३४८	बरेङ गाउँपालिका	२९३३९	२६०८१	८८.९०	०	०	०.००	०	०	०.००	२९३३९	२६०८१	८८.९०
८०१०४३४९	अन्नपूर्ण गाउँपालिका	१९६१६	१२८१६	६५.३४	०	०	०.००	०	०	०.००	१९६१६	१२८१६	६५.३४
८०१०४३५०	धवलागिरी गाउँपालिका	१९५५५	१९११९	९७.७७	०	०	०.००	०	०	०.००	१९५५५	१९११९	९७.७७
८०१०४३५१	मङ्गला गाउँपालिका	१९८७५	१६३२३	८२.१३	०	०	०.००	०	०	०.००	१९८७५	१६३२३	८२.१३
८०१०४३५२	मालिका गाउँपालिका	२०३७३	१७०४४	८३.६६	०	०	०.००	०	०	०.००	२०३७३	१७०४४	८३.६६
८०१०४३५३	रघुगंगा गाउँपालिका	२०३६७	१८९२३	८८.९८	०	०	०.००	०	०	०.००	२०३६७	१८९२३	८८.९८
८०१०४३५४	घरपझोङ गाउँपालिका	१७७०७	१४५६६	८२.२६	०	०	०.००	०	०	०.००	१७७०७	१४५६६	८२.२६
८०१०४३५५	थासाङ गाउँपालिका	१६३६५	१२५३१	७६.५७	०	०	०.००	०	०	०.००	१६३६५	१२५३१	७६.५७
८०१०४३५६	लो-घेकर दामोदरकुण्ड गाउँपालिका	१५२०३	११८६९	७८.०७	०	०	०.००	०	०	०.००	१५२०३	११८६९	७८.०७
८०१०४३५७	लोमन्थाङ गाउँपालिका	१६०७७	८६७६	५३.९७	०	०	०.००	०	०	०.००	१६०७७	८६७६	५३.९७
८०१०४३५८	वारागुङ मुक्तिक्षेत्र गाउँपालिका	१७८८९	८८४२	४९.४३	०	०	०.००	०	०	०.००	१७८८९	८८४२	४९.४३
३०१०००१२	प्रेस रजिष्ट्रारको कार्यालय	४३६२५	२३२१३	५३.२१	७५००	५१३७	६८.४९	०	०	०.००	५११२५	२८३४९	५५.४५
३०५०३०११	राजस्व तथा कर कार्यालय	२५०००	०	०.००	५०००	०	०.००	०	०	०.००	३०००	०	०.००
३२९०००११	वन तथा वातावरण मन्त्रालय	५४५७३	३१९८०	५८.६०	७१४७	४२६४	५९.६७	०	०	०.००	६१७२०	३६२४४	५८.७२

बजेट उपशिर्षक		चालु			पुँजीगत			वित्तीय व्यवस्था			जम्मा बजेट	जम्मा खर्च	जम्मा खर्च %
कोड	बजेट उपशिर्षक	बजेट	खर्च	खर्च %	बजेट	खर्च	खर्च %	बजेट	खर्च	खर्च %			
३२९०१०११	वन निर्देशनालय	३३८४१	२५८५१	७६.३९	१०००	९३२	९३.२२	०	०	०.००	३४८४१	२६७८३	७६.८७
३२९०१०१३	भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु	३०२६६	२२१५१	७३.१९	१८९५७५	१६४५९२	८६.८२	०	०	०.००	२१९८४१	१८६७४३	८४.९४
३२९०१०१४	डिभिजन वन कार्यालयहरु	४३७९२८	३६०२५८	८२.२६	१२१७४५	७९८३०	६५.५७	०	०	०.००	५५९६७३	४४००८८	७८.६३
३२९०२०११	वन अनुसनधान तथा प्रशिक्षण केन्द्र	१२०९२	१०११२	८३.६३	२१००	१३९७	६६.५२	०	०	०.००	१४१९२	११५०९	८१.१०
३२९९१०११	डिभिजन वन कार्यालयहरु – वन सुरक्षा सैनिक समेत (सङ्घ सशर्त)	१८९००	१६३०१	८६.२५	०	०	०.००	०	०	०.००	१८९००	१६३०१	८६.२५
३२९९१०१२	राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (सङ्घ सशर्त)	१३३००	१२४६३	९३.७१	५०७००	२८७६३	५६.७३	०	०	०.००	६४०००	४१२२६	६४.४२
३२९९१०१३	जलाधार संरक्षण तथा सीमसार व्यवस्थापन कार्यक्रम (सङ्घ सशर्त)	०	०	०.००	५०००००	३७७४८	७५.५०	०	०	०.००	५०००००	३७७४८	७५.५०
३२९९१०१४	जडिबुटी विकास कार्यक्रम (सङ्घ सशर्त)	०	०	०.००	२३०००	१८११०	७८.७४	०	०	०.००	२३०००	१८११०	७८.७४
३२९९१०१५	वातावरण विभाग (सङ्घ सशर्त)	०	०	०.००	२२५००	१४५१६	६४.५१	०	०	०.००	२२५००	१४५१६	६४.५१
३३७०१०१३	बहुवर्षीय स्रोत सुनिश्चित आयोजनाहरु-सडक/सडकपुल क्षेत्र	०	०	०.००	५३२३३५५	३७४८५५१	७०.४२	०	०	०.००	५३२३३५५	३७४८५५१	७०.४२
३३७०१०१४	क्रमागत स्रोत सुनिश्चित आयोजनाहरु-सडक/सडकपुल क्षेत्र	०	०	०.००	१६२५६०३	१३११९१४	८०.७०	०	०	०.००	१६२५६०३	१३११९१४	८०.७०
३४००१००२	सङ्घ विशेष अनुदानका आयोजनाहरु	०	०	०.००	२९०६००	१३२६८८	४५.६६	०	०	०.००	२९०६००	१३२६८८	४५.६६
३४००३००४	बहुवर्षीय/स्रोत सुनिश्चित आयोजना-सिंचाई/तटबन्ध क्षेत्र	०	०	०.००	३६९१५८	३०९११८	८३.७४	०	०	०.००	३६९१५८	३०९११८	८३.७४
३४००३००६	मर्मत सम्भार तथा प्रणाली सुदृढिकरण आयोजना	०	०	०.००	६४३१५०	५०७५१२	७८.९१	०	०	०.००	६४३१५०	५०७५१२	७८.९१
३४००४०११	बहुवर्षीय/स्रोत सुनिश्चित आयोजना-खानेपानी क्षेत्र	०	०	०.००	५९४६५०	५६६०४९	९५.१९	०	०	०.००	५९४६५०	५६६०४९	९५.१९
३४०९१०११	राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना (सङ्घ सशर्त)	०	०	०.००	१०००	२४१	२४.११	०	०	०.००	१०००	२४१	२४.११
३४०९१०१२	केन्द्रिय खानेपानी आयोजना (सङ्घ सशर्त)	०	०	०.००	१००००	८२२७	८२.२७	०	०	०.००	१००००	८२२७	८२.२७
३७०००११	स्वास्थ्य मन्त्रालय	१४१४६२	१०३९३६	७३.४७	६१००	८५३	१३.९८	०	०	०.००	१४७५६२	१०४७८८	७१.०१
३७००१०११	प्रादेशिक स्वास्थ्य निर्देशनालय	४७०८७	७४८८	१५.९०	३२००	३५४	११.०५	०	०	०.००	५०२८७	७८४२	१५.५९
३७००१०१२	प्रादेशिक क्षयरोग नियन्त्रण केन्द्र	३६७८०	२६६०१	७२.३२	१०००	२४५	२४.५०	०	०	०.००	३७७८०	२६८४६	७१.०६
३७००१०१३	प्रादेशिक जनरल तथा सरुवा रोग अस्पताल	६१८७१	५२६८९	८५.१६	५१५००	२१५९०	४१.९२	०	०	०.००	११३३७१	७४२७९	६५.५२
३७००१०१४	अस्पतालहरु	९०८०१६	६१७३११	६७.९८	२७१३५०	९८१६८	३६.१८	०	०	०.००	११७९३६६	७१५४७९	६०.६७
३७००१०१५	आयूर्वेद चिकित्सालयहरु	१७०२९१	११७०३५	६८.७३	५४०००	२४८९२	४६.१०	०	०	०.००	२२४२९१	१४१९२७	६३.२८
३७००१०१६	प्रदेश जनस्वास्थ्य कार्यालय	२९७९७६	२०२५५८	६७.९८	३९२००	२३१८२	५९.१४	०	०	०.००	३३७१७६	२२५७४०	६६.९५
३७००२०११	प्रादेशिक स्वास्थ्य तालिम केन्द्र	३४२३२	२८४८९	८३.२२	२२००	९६०	४३.६५	०	०	०.००	३६४३२	२९४५०	८०.८३
३७००३०११	प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र	११०३७५	९३४५०	८४.६७	७७९००	६७८६१	८७.११	०	०	०.००	१८८२७५	१६१३११	८५.६८
३७००४०११	प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला	४३८८६	३१७७८	७२.४१	६४००	२६५९	४१.५४	०	०	०.००	५०२८६	३४४३६	६८.४८
३७०९१०११	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम (सङ्घ सशर्त)	२३९८३६	१६४२०९	६८.४७	१८०००	४६५५	२५.८६	०	०	०.००	२५७८३६	१६८८६४	६५.४९
३७०९१०१२	क्षयरोग नियन्त्रण (सङ्घ सशर्त)	१८२००	११४३०	६२.८०	०	०	०.००	०	०	०.००	१८२००	११४३०	६२.८०
३७०९१०१३	एड्स तथा यौन रोग नियन्त्रण (सङ्घ सशर्त)	११३००	८३८५	७४.२१	०	०	०.००	०	०	०.००	११३००	८३८५	७४.२१
३७०९१०१४	परिवार कल्याण कार्यक्रम (सङ्घ सशर्त)	३४९९००	१९०९११	५४.५६	२१००	२०९०	९९.५४	०	०	०.००	३५२०००	१९३००१	५४.८३
३७०९१०१५	महामारी रोग नियन्त्रण कार्यक्रम (सङ्घ सशर्त)	३४६००	१६५१३	४७.७३	०	०	०.००	०	०	०.००	३४६००	१६५१३	४७.७३

बजेट उपशिर्षक		चालु			पुँजीगत			वित्तीय व्यवस्था			जम्मा बजेट	जम्मा खर्च	जम्मा खर्च %
कोड	बजेट उपशिर्षक	बजेट	खर्च	खर्च %	बजेट	खर्च	खर्च %	बजेट	खर्च	खर्च %			
३७०९१०१६	अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम (सङ्घ सशर्त)	६९००	३७०१	५३.६४	०	०	०.००	०	०	०.००	६९००	३७०१	५३.६४
३७०९१०१७	स्वास्थ्य व्यवस्थापन कार्यक्रम (सङ्घ सशर्त)	२८१००	१३५११	४८.०८	०	०	०.००	०	०	०.००	२८१००	१३५११	४८.०८
३७०९१०१८	राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र (सङ्घ सशर्त)	११८००	५७२६	४८.५३	०	०	०.००	०	०	०.००	११८००	५७२६	४८.५३
३७०९१०१९	उपचारात्मक सेवा कार्यक्रम (सङ्घ सशर्त)	४३८००	२५२९४	५७.७५	०	०	०.००	०	०	०.००	४३८००	२५२९४	५७.७५
३७०९१०२०	नर्सिङ तथा सामाजकि सुरक्षा सेवा कार्यक्रम (सङ्घ सशर्त)	४८५००	३८८६२	८०.१३	०	०	०.००	०	०	०.००	४८५००	३८८६२	८०.१३
३७०९१०२१	आयुर्वेद सेवा कार्यक्रम (सङ्घ सशर्त)	२९३००	२८४४०	९७.०६	०	०	०.००	०	०	०.००	२९३००	२८४४०	९७.०६
कुल जम्मा		**१२४६६९२१**	**७५६१५०९**	**६०.६५**	**१९२६३०७८**	**१२९८७९८५**	**६७.४२**	**२५०००० **	**०**	**०.००**	**३१९७९९९९**	**२०५४९४९३**	**६४.२६**

२.७ सेवा शीर्षक अनुसार बजेट विनियोजन र खर्च स्थिति

आर्थिक वर्ष २०८२/८३ मा गण्डकी प्रदेश सरकारको सेवा र कार्यका लागि भएको बजेट विनियोजन र आर्थिक वर्षको अन्त्यसम्ममा भएको खर्चको स्थिति देहाय रहेको छ।

तालिका ७ सेवा शीर्षक अनुसार बजेट विनियोजन र खर्च

(रू. हजारमा)

सेवाको विवरण	शुरु बजेट	रकमान्तर		श्रोतान्तर		अन्तिम बजेट	निकासा /खर्च	प्रगति %
		थप	घट	थप	घट			
०१ सामान्य सार्वजनिक सेवा	४६७७७९२	९६८९६१	१२२४४७९	०	०	४४२२२७४	२६१००५०	**५९.०२**
०३ सार्वजनिक शान्ति सुरक्षा	२२५००	२४०४	२९०	०	०	२४६१४	१७५२४	**७१.२०**
०४ आर्थिक मामिला	१७२३१५६५	२४१४५२८	२४१७४८५	०	०	१७२२८६०८	११५५२०१५	**६७.०५**
०५ वातावरण संरक्षण	२८९८४१	८८००	६३००	०	०	२९२३४१	२३९००६	**८१.७६**
०६ आवास तथा सामुदायिक सुविधा	३६७७२६२	७७८१८५	२६२९१८	०	०	४१९२५३०	३३१७१७९	**७९.१२**
०७ स्वास्थ्य	३४०६८७६	४३३४४३	६३३१५७	०	०	३२०७१६२	२०३५८२६	**६३.४८**
०८ मनोरंजन,संस्कृति तथा धर्म	१५३९८८	९०००	९५११	०	०	१५३४७७	११२९१४	**७३.५७**
०९ शिक्षा	९४४०९३	२११५०	२९७५२	०	०	९३५४९१	६६२३९४	**७०.८१**
१० सामाजिक सुरक्षा	१३२६०८२	१३७२७७	१८९८५७	०	०	१२७३५०२	२५८४	**०.२०**
जम्मा	**३१७२९९९९**	**४७७३७४८**	**४७७३७४८**	**०**	**०**	**३१९७९९९९**	**२०५४९४९३**	**६४.२६**

तालिका ८ सेवा र कार्यगत शीर्षक अनुसार विनियोजन र खर्च

(रू. हजारमा)

सेवा तथा कार्य	अन्तिम बजेट				निकासा /खर्च				प्रगति
	चालु	पुजीगत	वितिय व्यवस्था	जम्मा बजेट	चालु	पुजीगत	वितिय व्यवस्था	जम्मा खर्च	
०१ सामान्य सार्वजनिक सेवा	**३२६७३०५**	**११५४९६९**	**०**	**४४२२२७४**	**२३३६५५४**	**२७३४९६**	**०**	**२६१००५०**	**५९.०२**
०१.१ कार्यकारी र विधायिकाको निकाय, वित्तिय र वैदेशिक मामिला	८४८९२९	१९३२८०	०	१०४२२०९	४६९६५८	११७८५९	०	५८७५१७	५६.३७
०१.३ सामान्य सेवा	५५६००	९४५६९०	०	१००१२९०	३१००३	१५१०५३	०	१८२०५६	१८.१८
०१.४ सामान्य आधारभूत सेवा	१०००	०	०	१०००	०	०	०	०	०.००
०१.५ सामान्य अनुसन्धान तथा विकास सेवा	२९३४८४	१५९९९	०	३०९४८३	१२२९९७	४५८५	०	१२७५८२	४१.२२
०१.७ सार्वजनिक ऋण कारोवार	३०००	०	०	३०००	०	०	०	०	०.००

सेवा तथा कार्य	अन्तिम बजेट				निकासा /खर्च				प्रगति
	चालु	पुजीगत	वितिय व्यवस्था	जम्मा बजेट	चालु	पुजीगत	वितिय व्यवस्था	जम्मा खर्च	
०१.८ विभिन्न तहका सरकारहरु बीच हुने सामान्य प्रकृतिको हस्तान्तरण	२०६५२९२	०	०	२०६५२९२	१७१२८९५	०	०	१७१२८९५	८२.९४
०३ सार्वजनिक शान्ति सुरक्षा	**२०५१०**	**४१०४**	**०**	**२४६१४**	**१५६९४**	**१८३०**	**०**	**१७५२४**	**७१.२०**
०३.३ न्यायालय	२०५१०	४१०४	०	२४६१४	१५६९४	१८३०	०	१७५२४	७१.२०
०४ आर्थिक मामिला	**३५४०७०७**	**१३६८७९०२**	**०**	**१७२२८६०८**	**२२११६८२**	**९३४०३३३**	**०**	**११५५२०१५**	**६७.०५**
०४.१ सामान्य आर्थिक, व्यापारिक र श्रम	१४९५०	३५०	०	१५३००	९२३७	३२७	०	९५६४	६२.५१
०४.२ कृषि, वन , मत्स्यपालन तथा शिकार	२५४७४०१	८४०३९५	०	३३८७७९५	१७०७३७०	५९३५५९	०	२३००९२८	६७.९२
०४.४ खानी , उत्पादन तथा निर्माण	०	१२०४३०८	०	१२०४३०८	०	८४७९१६	०	८४७९१६	७०.४१
०४.५ यातायात	४९५९४९	११०१८७७०	०	११५१४७१९	२७१०१६	७४२७१२५	०	७६९८१४१	६६.८५
०४.६ संचार	४३६२५	७५००	०	५११२५	२३२१३	५१३७	०	२८३४९	५५.४५
०४.७ अन्य उद्योगहरु	२६५७१६	५८६५१९	०	८५२२३५	१२१८५२	४५८२१४	०	५८००६६	६८.०६
०४.८ अनुसन्धान तथा विकास - आर्थिक मामिला	१७३०६६	३००६०	०	२०३९२६	७८९९५	८०५६	०	८७०५०	४२.८६
०५ वातावरण संरक्षण	**३०२६६**	**२६२०७५**	**०**	**२९२३४१**	**२२१५१**	**२१६८५५**	**०**	**२३९००६**	**८१.७६**
०५.४ जैविक विविधता र भू-संरक्षण	३०२६६	२३९५७५	०	२६९८४१	२२१५१	२०२३४०	०	२२४४९०	८३.१९
०५.६ वातावरण संरक्षण - अन्यत्र वर्गिकृत नभएको	०	२२५००	०	२२५००	०	१४५१६	०	१४५१६	६४.५१
०६ आवास तथा सामुदायिक	**७६७२००**	**३४२५३२९**	**०**	**४१९२५३०**	**५३२१०१**	**२७८५०७८**	**०**	**३३१७१७९**	**७९.१२**
०६.१ आवास विकास	१२१९१	४५२५१४	०	४६४७०५	३१६४	१५१५२९	०	१५४६९३	३३.२९
०६.२ सामुदायिक विकास	५९७५५९	६५४९६५	०	१२५२५२४	३९९६८५	५६६०३२	०	९६५७१७	७७.१०
०६.३ खानेपानी	१५७४५०	२३१७८५०	०	२४७५३००	१२९२५१	२०६७५१७	०	२१९६७६८	८८.७५
०७ स्वास्थ्य	**२६७४२१२**	**५३२९५०**	**०**	**३२०७१६२**	**१७८८३१६**	**२४७५१०**	**०**	**२०३५८२६**	**६३.४८**
०७.१ औषधी उत्पादन,उपकरण तथा औजार	११०३७५	७७९००	०	१८८२७५	९३४५०	६७८६१	०	१६१३११	८५.६८
०७.३ अस्पताल सेवा	११७६९५८	३७७८५०	०	१५५४८०८	८१३६३६	१४४८९५	०	९५८५३१	६१.६५
०७.४ सार्वजनिक स्वास्थ्य सेवा	१३०८७६१	६८६००	०	१३७७३६१	८२०९६४	३११३४	०	८५२०९८	६१.८६
०७.५ अनुसन्धान सेवा	७८११८	८६००	०	८६७१८	६०२६७	३६१९	०	६३८८६	७३.६७
०८ मनोरंजन,संस्कृति तथा धर्म	**११८३७७**	**३५१००**	**०**	**१५३४७७**	**९२७२६**	**२०१८८**	**०**	**११२९१४**	**७३.५७**
०८.१ मनोरंजनात्मक र खेलकुद सेवाहरु	९३८०३	१००००	०	१०३८०३	८१८७७	१३०२	०	८३१७९	८०.१३
०८.२ सांस्कृतिक सेवा	११५५४	११००	०	१२६५४	३०१५	०	०	३०१५	२३.८२
०८.६ मनोरंजन, संस्कृती र धर्म - अन्यत्र वर्गिकृत नभएको	१३०२०	२४०००	०	३७०२०	७८३५	१८८८६	०	२६७२१	७२.१८
०९ शिक्षा	**७७४९२२**	**१६०५६९**	**०**	**९३५४९१**	**५५९७८१**	**१०२६१३**	**०**	**६६२३९४**	**७०.८१**
०९.४ स्नातक तहको शिक्षा	७३७८५	५९६७९	०	१३३४६४	५१८०४	४९९४०	०	१०१७४४	७६.२३
०९.५ तहमा वर्गिकृत नहुने शिक्षा (अनौपचारिक शिक्षा)	६१३०२६	९९३००	०	७१२३२६	४४३६५९	५११११	०	४९४७७१	६९.४६
०९.६ शिक्षाको लागि सहायक सेवाहरु	८८१११	१५९०	०	८९७०१	६४३१८	१५६२	०	६५८७९	७३.४४
१० सामाजिक सुरक्षा	**१२७३४२२**	**८०**	**०**	**१२७३५०२**	**२५०४**	**८०**	**०**	**२५८४**	**०.२०**
१०.१ अशक्त तथा बिरामी	९१५	०	०	९१५	०	०	०	०	०.००
१०.२ वृद्ध	३५००	०	०	३५००	०	०	०	०	०.००
१०.३ उत्तर जिवी	११६८४३३	०	०	११६८४३३	०	०	०	०	०.००
१०.४ परिवार र शिशु कल्याण	५००	०	०	५००	०	०	०	०	०.००
१०.५ बेरोजगार	५१८१	८०	०	५२६१	२५०४	८०	०	२५८४	४९.११
१०.७ सामाजिक असमावेशी	९४८९३	०	०	९४८९३	०	०	०	०	०.००
जम्मा	**१२४६६९२१**	**१९२६३०७८**	**०**	**३१९७९९९९**	**७५६१५०९**	**१२९८७९८५**	**०**	**२०५४९४९३**	**६४.२६**

परिच्छेद-३
स्रोत व्यवस्थापन विश्लेषण

३.१ स्रोत परिचालनको अवस्था

प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्रका करका आधार फराकिलो पार्दै आन्तरिक राजस्व वृद्धि गर्ने तथा कर र गैरकर राजस्वको अधिकतम परिचालन गर्ने नीतिलाई अवलम्बन गरेको छ। आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि स्रोत व्यवस्थापन सम्बन्धी वार्षिक लक्ष्य र प्राप्त स्रोतको अवस्थालाई देहाय देखाइएको छ।

तालिका ९ स्रोत परिचालनको विवरण

(रू. हजारमा)

स्रोतको प्रकार	लक्ष्य	प्रगति	प्रगति %
आन्तरिक श्रोत	**५७३४३८८**	**४१८२४०६.०७**	**७२.९४**
प्रदेश सरकारको आन्तरिक राजस्व प्रशासन	५७३४३८८	४१८२४०६.०७	७२.९४
नेपाल सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण	**१२२३३६००**	**९४१४६१२.२०**	**७६.९६**
विशेष अनुदान	४९८६००	३१४११८.००	६३.००
समपुरक अनुदान	६३९७००	४०३०११.००	६३.००
समानीकरण अनुदान	७७३८९००	७०७७२२४.०५	९१.४५
सशर्त अनुदान	३३५६४००	२२३८५०४.८२	६६.६९
सङ्घीय अनुदान फिर्ता	०	-६१८२४५.६७	-
नेपाल सरकारबाट प्राप्त हुने रोयल्टी रकम	**२२३९७७**	**४४७४१७.६०**	**१९९.७६**
बाँडफाँट भई प्राप्त हुने रोयल्टी	२२३९७७	४४७४१७.६०	१९९.७६
नेपाल सरकारबाट प्राप्त हुने राजस्व	**९७९२९४०**	**९५६७४२२.२८**	**९७.७०**
बाँडफाँट भई प्राप्त हुने मुल्य अभिवृद्धि कर	७७८९८००	७०२८२९९.१५	९०.२२
बाँडफाँट भईप्राप्त हुने अन्तःशुल्क	२००३१४०	२५३९१२३.१३	१२६.७६
नगद मौजदात	**२२४५०९४**	**७१२९१८.०४**	**३१.७५**
नगद मौज्दात	२२४५०९४	७१२९१८.०४	३१.७५
आन्तरिक ऋण	**१७५०००० **	**०.००**	**०.००**
आन्तरिक ऋण	१७५००००	०.००	०.००
जम्मा	**३१९७९९९९**	**२४३२४७७६.१९**	**७६.०६**

आर्थिक वर्ष २०८२/८३ मा स्रोत व्यवस्थापनमा प्रदेश सरकारको आन्तरिक राजस्व सङ्कलन रू. ५ अर्ब ७३ करोड ४३ लाख ८८ हजार, नेपाल सरकारबाट प्राप्त हुने अनुदान रू. १२ अर्ब २३ करोड ३६ लाख, नेपाल सरकारबाट प्राप्त हुने रोयल्टी रकम रू. २२ करोड ३९ लाख ७७ हजार, बाँडफाँट भई प्राप्त हुने राजस्व (मुल्य अभिवृद्धिकर र अन्तःशुल्क) वापत रू. ९ अर्ब ७९ करोड २९ लाख ४० हजार, नगद मौज्दात रू.२ अर्ब २४ करोड ५० लाख ९४ हजार र आन्तरिक ऋण रू.१ अर्ब ७५ करोड गरी कुल वार्षिक लक्ष्य रू. ३१ अर्ब ९७ करोड ९९ लाख ९९ हजार राखिएकोमा २०८३ असार मसान्तसम्म कुल रू. २४ अर्ब ३२ करोड ४७ लाख ७६ हजार प्राप्त भएको छ। जुन वार्षिक लक्ष्यको ७६.०६ प्रतिशत रहेको छ। गत आर्थिक वर्ष २०८१/८२ मा रू. ३२ अर्ब ९७ करोड ८५ लाख ७५ वार्षिक लक्ष्य राखिएकोमा २३ अर्ब ६० करोड ५१ लाख ६४ हजार अर्थात् वार्षिक लक्ष्यको ७१.५८ प्रतिशत स्रोत व्यवस्थापन भएको थियो। आर्थिक वर्ष २०८२/८३ मा वार्षिक लक्ष्यको अनुपातमा समीक्षा अवधिको राजस्व सङ्कलन अघिल्लो आर्थिक वर्ष २०८१/८२को तुलनामा ४.४८ प्रतिशतले वृद्धि भएको देखिन्छ।

चालु आर्थिक वर्षको स्रोत अनुमान र प्रगति विवरण लाई देहाय स्तम्भ चित्रमा देखाइएको छ।

चित्र ५ स्रोत अनुमान र प्रगति विवरण।



३.२ शीर्षकगत राजस्व लक्ष्य र सङ्कलनको अवस्था

प्रदेश सरकारबाट आर्थिक वर्ष २०८२/८३ को स्रोत व्यवस्थापनको वार्षिक लक्ष्य र प्राप्त भएको स्रोतलाई शीर्षकगत रूपमा देहाय देखाइएको छ।

तालिका १० शीर्षकगत राजस्व लक्ष्य र सङ्कलनको विवरण

(रू. हजारमा)

राजस्व शीर्षक	लक्ष्य	प्रगति	प्रगति %
कर (Tax)	**१२४३०६१८**	**११६९४७४९.५९**	**९४.०८**
आय, मुनाफा तथा पुँजीगत लाभमा लाग्ने कर	**२००**	**४.९५**	**२.४८**
एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर	२००	४.९५	२.४८
कृषि आयमा कर	२००	४.९५	२.४८
वस्तु तथा सेवामा आधारित कर	**१११८०४१८**	**१०७८०९८७.११**	**९६.४३**
अन्तः शुल्क	२००३१४०	२५३९१२३.१२९	१२६.७६
बाँडफाँड भई प्राप्त हुने अन्तः शुल्क	२००३१४०	२५३९१२३.१२९	१२६.७६
पूर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर	१३८००००	१२०६९१६.३४५	८७.४६
वस्तुको उपयोग तथा उपयोगको अनुमतिमा लाग्ने अन्य कर	०	०.२	-
बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर	१३८००००	१२०६९१६.१४५	८७.४६
मनोरञ्जन तथा विज्ञापन कर	७४७८	६६४८.४८०४२	८८.९१
अन्य मनोरञ्जन कर	२००	०	०.००
बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर	५०००	३४४५.५०२८	६८.९१
बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर	२२७८	३२०२.९७७६२	१४०.६०
मूल्य अभिवृद्धि कर (मू.अ.क.)	७७८९८००	७०२८२९९.१५२	९०.२२
बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर	७७८९८००	७०२८२९९.१५२	९०.२२
सम्पत्ति कर	**१२५०००० **	**९१३७३४.३३५१**	**७३.१०**
घरजग्गा रजिष्टेसन दस्तुर	१२५००००	९१३७३४.३३५१	७३.१०
घरजग्गा रजिष्टेसन दस्तुर	१२५००००	९१३७३४.३३५१	७३.१०
अन्य कर	**०**	**२३.२**	**-**
व्यवसायले भुक्तानी गर्ने	०	२३.२	-
व्यवसायले भुक्तानी गर्ने	०	२३.२	-
अनुदान (Grants)	**१२२३३६००**	**१००३२८५७.८७**	**८२.०१**
अन्तरसरकारी वित्तीय हस्तान्तरण	**१२२३३६००**	**१००३२८५७.८७**	**८२.०१**
अन्तरसरकारी चालु अनुदान	९७८४०५०	९००३०२८.३५	९२.०२
विशेष अनुदान चालु	१३४०००	१६३१७०	१२१.७७
शसर्त अनुदान चालु	१९१११५०	१३५९६२३.३	७१.१४
समपुरक अनुदान चालु	०	४०३०११	-
समानीकरण अनुदान	७७३८९००	७०७७२२४.०५	९१.४५
अन्तरसरकारी पुँजीगत अनुदान	२४४९५५०	१०२९८२९.५२	४२.०४

राजस्व शीर्षक	लक्ष्य	प्रगति	प्रगति %
विशेष पुँजीगत अनुदान	३६४६००	१५०९४८	४१.४०
शसर्त पुँजीगत अनुदान	१४४५२५०	८७८८८१.५२	६०.८१
समपुरक अनुदान पुँजीगत	६३९७००	०	०.००
अन्य राजस्व	**३१३०६८७**	**२१७५९२७.१६५**	**६९.५०**
दण्ड जरिवाना र जफत	**७११००**	**१३४०१६.४२५१**	**१८८.४९**
दण्ड,जरिवाना र जफत	७११००	१३४०१६.४२५१	१८८.४९
धरौटी सदरस्याहा	६०००	१५५७३.२६३६४	२५९.५५
न्यायिक दण्ड,जरिवाना र जफत	१००	१३.४५९	१३.४६
प्रशासनिक दण्ड,जरिवाना र जफत	६५०००	११८४२९.७०२५	१८२.२०
वस्तु तथा सेवा विक्रिबाट प्राप्त रकम	**२४९६६६०**	**१३००२७१.२१४**	**५२.०८**
अन्य प्रशासनिक दस्तुरहरु	१७५००००	५२९८३४.३१९४	३०.२८
चालक अनुमति पत्र, सवारी दर्ता किताब सम्बन्धी दस्तुर	८०००००	४७६१९७.४३	५९.५२
टेलिभिजन सञ्चालन दस्तुर	०	१००	-
रेडियो/ एफ.एम.सञ्चालन दस्तुर	०	११८.६३४३६	-
व्यावसाय रजिष्ट्रेशन दस्तुर	९५००००	५३४१८.२५५	५.६२
अन्य प्रशासनिक सेवा शुल्क	२५४००	२६४३४.७९५६५	१०४.०७
जलस्रोत सम्बन्धी अन्य दस्तुर	४००	०	०.००
वन क्षेत्रको अन्य आय	२५०००	२६४३४.७९५६५	१०५.७४
प्रशासनिक सेवा शुल्क	७१६८५०	७३७०६६.३५९७	१०२.८२
अन्य प्रशासनिक सेवा शुल्क	४५००००	५७०४९६.४७८७	१२६.७८
परीक्षा शुल्क	१५००००	८७२२७.७०५	५८.१५
यातायात क्षेत्रको आम्दानी	११५०००	७७८५६.४८६	६७.७०
शिक्षा क्षेत्रको आम्दानी	१८५०	१४८५.६९	८०.३१
वस्तु तथा सेवा विक्रिबाट प्राप्त रकम	४४१०	६९३५.७३९५२	१५७.२७
अन्य विक्रीबाट प्राप्त रकम	४५०	६८४.३६	१५२.०८
अन्य सेवा शुल्क तथा विक्री	१००	०	०.००
कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम	२०००	२९२४.६६३	१४६.२३
नहर तथा कुलो उपयोग बापतको शुल्क	१००	०	०.००
विद्युत सेवा शुल्क	१०	३५	३५०.००
सरकारी सम्पत्तीको विक्रीबाट प्राप्त रकम	१७५०	३२९१.७१६५२	१८८.१०
विविध राजस्व	**४३०००**	**७३७६७.७७१**	**१७१.५५**
अन्य राजस्व	४३०००	४९४५७.७७१	११५.०२
अन्य राजस्व	३३०००	४९४५७.७७१	१४९.८७
प्रदुषण नियन्त्रण शुल्क	१००००	०	०.००
चालु दाबी तथा अन्य शुल्कहरू	०	२४३१०	-
बीमादावी प्राप्ति	०	२४३१०	-

राजस्व शीर्षक	लक्ष्य	प्रगति	प्रगति %
सम्पत्तिबाट प्राप्त आय	**५१९९२७**	**६६७८७१.७५४३**	**१२८.४५**
अन्य शुल्क	५९५०	१४६९.७८०३३	२४.७०
पदयात्रा शुल्क	८००	४४८.८५	५६.११
पर्यटन शुल्क	५१५०	१०२०.९३०३३	१९.८२
भाडा र रोयल्टी	५१३९७७	६६६४०१.९७४	१२९.६६
अन्यस्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी	०	७७.०१	-
बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी	२५००	४०१९.९६९६२	१६०.८०
बाँडफाँड भई प्राप्त जलस्रोत सम्बन्धी रोयल्टी	१००	०	०.००
बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय	२७५०००	१९७२३४.६२२८	७१.७२
बाँडफाँड भई प्राप्त पर्वतारोहण बापतको रोयल्टी	२०५२७	२१३७१.१७५६४	१०४.११
बाँडफाँड भई प्राप्त वन रोयल्टी	५८४००	५४०५३.२२२२३	९२.५६
बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी	१४२४५०	३६७९७३.२२८५	२५८.३२
सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय	१५०००	२१६७२.७४५१७	१४४.४८
विविध प्राप्ति	**२४३५०९४**	**१०३९४८७.२२९**	**४२.६९**
विविध प्राप्ति	**२४३५०९४**	**१०३९४८७.२२९**	**४२.६९**
नगद तथा मौज्दात	२२४५०९४	७१२९१८.०३९३	३१.७५
गत वर्षको नगद मौज्दात	२२४५०९४	७१२९१८.०३९३	३१.७५
विविध प्राप्ति	१९००००	३२६५६९.१९	१७१.८८
अनुदान फिर्ता	५०००	१९४९.७८६	३९.००
निकासा फिर्ता	१००००	१७५७.०१८	१७.५७
बेरुजू	१७५०००	३२२८६२.३८६	१८४.४९
दायित्व	**१७५०००० **	**-६१८२४५.६६७६**	**-३५.३३**
आन्तरिक दायित्व	**१७५०००० **	**०**	**०.००**
खुद आन्तरिक ऋण	१७५००००	०	०.००
अन्य आन्तरिक सरकारबाट प्राप्त ऋण	१७५००००	०	०.००
अनुदान फिर्ता	**०**	**-६१८२४५.६६७६**	**-**
सङ्घीय वित्तीय हस्तान्तरण फिर्ता	०	-६१८२४५.६६७६	-
सशर्त, समपुरक र विशेष अनुदान एकमुष्ठ फिर्ता	०	-६१८२४५.६६७६	-
कुल जम्मा	**३१९७९९९९**	**२४३२४७७६.१९**	**७६.०६**

स्रोतगत परिचालनको अवस्थालाई विश्लेषण गर्दा कर (Tax) तर्फ रु. १२ अर्ब ४३ करोड ६ लाख १८ हजार लक्ष्य रहेकोमा रु. ११ अर्ब ६९ करोड ४७ लाख ४९ हजार ५ सय ९० अर्थात् ९४.०८ प्रतिशत सङ्कलन भएको छ। त्यसैगरी अनुदान (Grants) तर्फ रु. १२ अर्ब २३ करोड ३६ लाखको लक्ष्यमा रु. १० अर्ब ३ करोड २८ लाख ५७ हजार ८ सय ७० (८२.०१ प्रतिशत) प्राप्ति भएको छ। अन्य राजस्व शीर्षकमा रु. ३ अर्ब १३ करोड ६ लाख ८७ हजार लक्ष्य रहेकोमा रु. २ अर्ब १७ करोड ५९ लाख २७ हजार १ सय ६५ (६९.५० प्रतिशत) र विविध प्राप्ति तर्फ रु. २ अर्ब ४३ करोड ५० लाख ९४ हजार लक्ष्य रहेकोमा रु. १

अर्ब ३ करोड ९४ लाख ८७ हजार २ सय २९ (४२.६९ प्रतिशत) सङ्कलन भएको देखिन्छ। आन्तरिक ऋण शीर्षकमा रु. १ अर्ब ७५ करोडको लक्ष्य राखिएकोमा ऋण परिचालन हुन सकेको छैन भने। सङ्घीय सरकारलाई अन्तरसरकारी वित्त हस्तान्तर अन्तर्गत प्राप्त रकम मध्ये रु. ६१ करोड ८२ लाख ४५ हजार ६ सय ६८ फिर्ता दाखिला भएको छ।

समग्रमा कर र अनुदान शीर्षकमा सन्तोषजनक प्रगति देखिए तापनि आन्तरिक राजस्व सङ्कलन, विविध प्राप्ति, अन्य राजस्व सङ्कलन र दायित्व व्यवस्थापनमा अपेक्षित लक्ष्य हासिल हुन नसकेको अवस्था छ। आगामी अवधिमा आन्तरिक स्रोत परिचालन एवम् व्यवस्थापनमा थप प्रभावकारी कदम चाल्नुपर्ने आवश्यकता देखिन्छ।

३.३ स्रोत व्यवस्थापनको तुलनात्मक अवस्था

आर्थिक वर्ष २०८०/८१, २०८१/८२ र २०८२/८३ को स्रोत व्यवस्थापनको लक्ष्य र प्राप्तीको तुलनात्मक विवरणलाई देहायको तालिकामा देखाइएको छ।

तालिका ११ स्रोत व्यवस्थापनको तुलनात्मक अवस्था (सङ्घीय अनुदान फिर्ता बाहेक)

(रू हजारमा)

सि. नं	शिर्षक	२०८०/०८१			२०८१/०८२			२०८२/०८३		
		वार्षिक लक्ष्य	प्राप्ती	प्रतिशत	वार्षिक लक्ष्य	प्राप्ती	प्रतिशत	वार्षिक लक्ष्य	प्राप्ती	प्रतिशत
१	प्रदेश सरकारको आन्तरिक राजस्व प्रशासन	५९६९१८४	४१८४८५१	७०	६०५७५९६	४७६०६९९	७८.५९	४३५४३८८	२९७५४९०	**६८.३३**
२	समानीकरणअनुदान	७६२२५००	५६४९०३४	७४	७६३८८००	७००९३६२	९२.००	७७३८९००	७०७७२२४	**९१.४५**
३	सशर्त अनुदान	४९४१५००	२९९३१३३	१३४	३५९९३००	२३८४००७	६६.००	३३५६४००	२२३८५०५	**६६.६९**
४	विशेष अनुदान	७०००००	६९५०००	९९	६५५५००	५८९९५०	९०.००	४९८६००	३१४११८	**६३.००**
५	समपुरक अनुदान	८४००००	७२००००	८६	११९००००	११३०५००	९५.००	६३९७००	४०३०११	**६३.००**
६	बाँडफाँट भई प्राप्त हुने मु.अ.कर	७२४२५६०	५७६९६७९	८०	७६८८९६०	६३१७८६०	८२.००	७७८९८००	७०२८२९९	**९०.२२**
७	बाँडफाँट भईप्राप्त हुनेअन्तशुल्क	१८१०६४०	१९०६६७४	१०५	१९२२२४०	२२६०७७२	११८.००	२००३१४०	२५३९१२३	**१२६.७६**
८	रोयल्टी बाँडफाँटबाट प्राप्त	४००८१६	३४४११५	८६	४८१०००	३५१९३७	७३.००	२२३९७७	४४७४१८	**१९९.७६**
९	गत वर्षकोनगद मौज्दात	३००००००	२३३५३०२	७८	२९३२७७५	११८९७११	४०.५७	२२४५०९४	७१२९१८	**३१.७५**
१०	सवारी साधनकर बाँडफाँट	८०००००	७५३१०७	९४	८८७५९६	७९१८०९	८९.००	१३८००००	१२०६९१६	**८७.४६**
११	ऋण	१७०००००	०	०	१७०००००	०	०.००	१७५००००	०	**०.००**
	जम्मा	**३३४२७२००**	**२३८४४६८४**	**७१**	**३२९७८५७५**	**२४७४०९७९**	**७५.०२**	**३१९७९९९९**	**२४९४३०२२**	**७८.००**

स्रोत व्यवस्थापन तर्फ आर्थिक वर्ष २०८०/८१, २०८१/८२ र २०८२/८३ मा वार्षिक लक्ष्यको तुलनामा क्रमशः ७१ प्रतिशत, ७५.०२ प्रतिशत र ७८.०० प्रतिशत प्रगति हासिल भएको छ। उपरोक्त विवरणमा लक्ष्यको तुलनामा प्रदेश सरकारको आन्तरिक राजस्व प्रशासनमा सामान्य सुधार देखिएको छ। उल्लिखित तालिकामा विगतका आर्थिक वर्ष सँग तुलना गर्न विगतका तथ्याङ्क वर्गिकरणलाई आधार लिनु परेको हुँदा सङ्घीय अनुदान फिर्ता भएको रकम रू. रु. ६१ करोड ८२ लाख ४५ हजार ६ सय ६८ समेत अन्तरसरकारी वित्तीय हस्तान्तरणका शीर्षकहरुमा समावेश गरि तुलना गरिएको छ।

तीन आर्थिक वर्षको स्रोत व्यवस्थापनको लक्ष्य र प्रगतिको तुलनात्मक विवरणलाई देहाय रेखा चित्रमा देखाइएको छ।

चित्र ६ पछिल्लो तीन आर्थिक वर्षको स्रोत लक्ष्य र प्रगति



पछिल्लो तीन आर्थिक वर्षको स्रोत व्यवस्थापनको लक्ष्य र प्राप्तीको तुलनात्मक समीक्षा गर्दा वार्षिक लक्ष्य क्रमशः घट्दो क्रममा रहेको तर स्रोत प्राप्ती भने निरन्तर वृद्धि हुँदै गएको सकारात्मक अवस्था देखिन्छ। उपलब्ध तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८०/०८१ मा कुल वार्षिक लक्ष्य रु. ३३ अर्ब ४२ करोड ७२ लाख रहेकोमा रु. २३ अर्ब ८४ करोड ४६ लाख ८४ हजार प्राप्ती भएको थियो। त्यसैगरी, आर्थिक वर्ष २०८१/०८२ मा लक्ष्य केही घटेर रु. ३२ अर्ब ९७ करोड ८५ लाख ७५ हजार कायम हुँदा प्राप्ती बढेर रु. २४ अर्ब ७४ करोड ९ लाख ७९ हजार पुगेको देखिन्छ। आर्थिक वर्ष २०८२/८३ मा वार्षिक लक्ष्य थप घटेर रु. ३१ अर्ब ९७ करोड ९९ लाख ९९ हजार कायम गरिएकोमा स्रोत प्राप्ती भने विगत वर्षहरू भन्दा वृद्धि भई रु. २४ अर्ब ९४ करोड ३० लाख २२ हजार पुगेको छ। वार्षिक बजेटको आकार यथार्थपरक बनाउँदै लगिएको र स्रोत परिचालन तथा सङ्कलन क्षमतामा क्रमिक सुधार हुँदै गएको इङ्गित गरेको छ।

परिच्छेद-४
अन्तरसरकारी वित्तीय हस्तान्तरण

४.१ नेपाल सरकारबाट प्रदेश सरकारमा वित्तीय हस्तान्तरण

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ४ मा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान प्रदान गर्न सक्ने व्यवस्था रहेको छ।

नेपाल सरकारको विनियोजन ऐन, २०८२ अनुसार नेपाल सरकारले प्रदेश सरकारलाई प्रत्येक वर्ष चार किस्तामा वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्ने व्यवस्था रहेको छ। सोही बमोजिम आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकारबाट प्रदेश सरकारलाई वित्तीय समानीकरण अनुदान हस्तान्तरण भएको छ।

आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारले वित्तीय हस्तान्तरणबाट रु.१२ अर्ब २३ करोड ३६ लाख प्राप्त गर्ने लक्ष्य राखेकोमा रु.९ अर्ब ४१ करोड ४६ लाख १२ हजार प्राप्त गरेको छ। यो वार्षिक लक्ष्यको तुलनामा ७६.९५ प्रतिशत हो। सङ्घीय सरकारबाट वित्तीय समानीकरण अनुदान वापत रु.७ अर्ब ७३ करोड ८९ लाख, सशर्त अनुदान वापत रु.३ अर्ब ३५ करोड ६४ लाख, विशेष अनुदान वापत रु.४९ करोड ८६ लाख र समपुरक अनुदान वापत रु.६३ करोड ९७ लाख खर्च हुने लक्ष्य राखिएकोमा समानीकरण अनुदान तर्फ रु. ५ अर्ब ६३ करोड ६६ लाख, सशर्त अनुदान तर्फ रु. १ अर्ब ७४ करोड ७१ लाख, विशेष अनुदान तर्फ रु. २६ करोड ६० लाख र समपुरक अनुदान तर्फ रु. ३२ करोड ४१ लाख खर्च भएको छ। वित्तीय हस्तान्तरणबाट प्राप्त रकममध्ये आर्थिक वर्ष २०८२/८३ मा खर्च नभई बचत भएको सशर्त अनुदान तर्फ रु.४९ करोड १३ लाख, विशेष अनुदान तर्फ रु. ४ करोड ८१ लाख र समपुरक अनुदान तर्फ रु. ७ करोड ८८ लाख समेत कुल रकम रु.६१ करोड ८२ लाख ४५ हजार सङ्घीय सञ्चित कोषमा फिर्ता गरिएको छ।

तालिका १२ सङ्घीय सरकारबाट प्राप्त अनुदानको विवरण।

(रू हजारमा)

अनुदान शीर्षक	बजेट लक्ष्य	अनुदान प्राप्ति	प्रतिशत
१३३११-समानीकरण अनुदान	७७३८९००.००	७०७७२२४.०५	९१.४५
१३३१२/२१- सशर्त अनुदान	३३५६४००.००	२२३८५०४.८२	६६.६९
१३३१३/२२-विशेष अनुदान	४९८६००.००	३१४११८.००	६३.००
१३३१४/२३-समपुरक अनुदान	६३९७००.००	४०३०११.००	६३.००
जम्मा प्राप्ती	**१२२३३६००.००**	**१००३२८५७.८७**	**८२.०१**
अनुदान फिर्ता	**०.००**	**-६१८२४५.६७**	
खुद अनुदान	**१२२३३६००.००**	**९४१४६१२.२०**	**७६.९६**

४.१.१ वित्तीय समानीकरण अनुदान

नेपाल सरकारले प्रदेश सरकारलाई हस्तान्तरण गर्ने अनुदान मध्ये वित्तीय समानीकरण अनुदानको रकम प्रदेश सरकारले प्रदेश कानून बमोजिम खर्च गर्न पाउने कानूनी व्यवस्था रहेको छ। सोही बमोजिम आर्थिक वर्ष २०८२/८३ मा वित्तीय समानीकरण अनुदान वापत रू. ७ अर्ब ७ करोड ७२ लाख २४ हजार प्राप्त भएको छ जुन वार्षिक लक्ष्यको **९१.४५** प्रतिशत मात्र रहेको छ।

४.१.२ सशर्त अनुदान

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ को उपदफा (१) बमोजिम नेपाल सरकारले प्रदेश वा स्थानीय तह वा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्न संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेको आधार बमोजिम प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्ने व्यवस्था रहेको छ। सोही ऐनको दफा ९ को उपदफा (२) बमोजिम सशर्त अनुदान प्रदान गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्ने र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्ने कानूनी प्रावधान रहेको छ। उल्लिखित कानूनी व्यवस्था बमोजिम आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारले सशर्त अनुदानतर्फ कुल रु. ३ अर्ब ३५ करोड ६४ लाख लक्ष्य रहेकोमा रु. २ अर्ब २३ करोड ८५ लाख ४ हजार ८ सय २० प्राप्त भई समग्रमा **६६.६९** प्रतिशत प्रगति हासिल भएको छ।

यस अन्तर्गत चालु सशर्त अनुदानतर्फ रु. १ अर्ब ९१ करोड ११ लाख ५० हजार लक्ष्य रहेकोमा रु. १ अर्ब ३५ करोड ९६ लाख २३ हजार ३ सय (७१.१४ प्रतिशत) प्राप्ति भएको छ। त्यसैगरी, पुँजीगत सशर्त अनुदानतर्फ रु. १ अर्ब ४४ करोड ५२ लाख ५० हजार लक्ष्य रहेकोमा रु. ८७ करोड ८८ लाख ८१ हजार ५ सय २० अर्थात् **६०.८१** प्रतिशत मात्र प्राप्त भएको देखिन्छ।

समग्रमा सशर्त अनुदानको चालुतर्फको परिचालन तुलनात्मक रूपमा सन्तोषजनक देखिए तापनि पुँजीगततर्फको प्रगति कमजोर रहेकोले आगामी दिनमा पुँजीगत प्रकृतिका कार्यक्रमहरूको कार्यान्वयन र बजेट खर्चमा थप तदारुकता ल्याउनुपर्ने आवश्यकता देखिन्छ।

४.१.३ विशेष अनुदान

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ११ को उपदफा (१) बमोजिम नेपाल सरकारले देहायका उद्देश्य राखी प्रदेश वा स्थानीय तहबाट सञ्चालन गर्ने कुनै खास आयोजनाका लागि विशेष अनुदान प्रदान गर्न सक्ने व्यवस्था रहेको छ।

(क) शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्ने,
(ख) अन्तर प्रदेश वा अन्तर स्थानीय तहको सन्तुलित विकास गर्ने,

(ग) आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदायको उत्थान वा विकास गर्ने।

उल्लिखित कानूनी व्यवस्था बमोजिम आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारले नेपाल सरकारबाट विशेष अनुदान स्वरुप कुल रु. ४९ करोड ८६ लाख लक्ष्य रहेकोमा रु. ३१ करोड ४१ लाख १८ हजार प्राप्त भई समग्रमा **६३.००** प्रतिशत प्रगति हासिल भएको छ।

४.१.४ समपूरक अनुदान

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० को उपदफा (१) बमोजिम नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्ने सक्ने र उपदफा (४) बमोजिम समपूरक अनुदान कुनै योजनाको कुल लागतको अनुपातका आधारमा प्रदान गर्ने व्यवस्था रहेको छ। उल्लिखित कानूनी व्यवस्था बमोजिम आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारले नेपाल सरकारबाट प्राप्त गर्ने समपूरक अनुदानतर्फ कुल रु. ६३ करोड ९७ लाख लक्ष्य रहेकोमा रु. ४० करोड ३० लाख ११ हजार प्राप्त भई समग्रमा **६३.००** प्रतिशत प्रगति हासिल भएको छ।

पूर्वाधार विकास लगायतका महत्त्वपूर्ण आयोजनाहरूमा लगानी साझेदारी गर्ने उद्देश्यले प्राप्त हुने यस प्रकारको अनुदानको प्राप्ति ६३ प्रतिशतमा मात्र सीमित हुनुले लक्षित विकास निर्माणका कार्यहरू प्रभावित हुन सक्ने अवस्थालाई इङ्गित गर्दछ। तसर्थ, आगामी दिनमा समपूरक अनुदान अन्तर्गतका आयोजनाहरूको पूर्वतयारी, समयमै ठेक्का व्यवस्थापन र कार्यान्वयन क्षमतामा सुधार गरी वित्तीय प्रगति र स्रोत प्राप्तिको सुनिश्चितता बढाउन थप पहल गर्नुपर्ने आवश्यकता देखिन्छ।

४.२ प्रदेश सरकारबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण

वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान उपलब्ध गराउने व्यवस्था रहेको थियो। साथै बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ बमोजिम वित्तीय समानीकरण अनुदान चार किस्तामा र सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान पहिलो किस्ता वापत ५० प्रतिशत र बाँकी पचास प्रतिशत आयोजनाको लागत अनुमान, आयोजना तथा कार्यक्रम सम्झौता, अन्तिम मूल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदन सहित सम्बन्धित स्थानीय तहबाट निकासा माग भएपछि हस्तान्तरण गर्ने व्यवस्था रहेको छ। वित्तीय हस्तान्तरण अन्तर्गत सञ्चालित आयोजनाहरू ठेक्का प्रक्रिया मार्फत कार्यान्वयन गर्नुपर्ने भएको हुँदा ठेक्का सम्झौता हुँदा विनियोजन भन्दा कम रकममा ठेक्का लाग्ने, कतिपय आयोजनाहरू सोही आर्थिक वर्षमा सम्पन्न नहुने लगायतका कारण विनियोजन भन्दा कम रकम खर्च हुने गरेको छ। स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको तर खर्च हुन नसकी बाँकी रहेको सशर्त अनुदान,विशेष अनुदान

र समपूरक अनुदान वापतको रकम सम्बन्धित स्थानीय तहले प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम गण्डकी प्रदेश सरकारबाट प्रदेश भित्रका स्थानीय तहहरुलाई आर्थिक वर्ष २०८२/८३ मा देहाय वित्तीय हस्तान्तरण भएको छ।

तालिका १३ प्रदेश सरकारबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको विवरण

क्र.स.	अनुदान शीर्षक	क्रियाकलाप संख्या	वार्षिक बजेट लक्ष्य	हस्तान्तरण	प्रतिशत
१	समानीकरण अनुदान-२६३३१	२५५	११६००००.००	११६००००.००	१००.००
२	सशर्त अनुदान-२६३३२/३६	१०५	१९५००.००	३३९१४.१२	१७३.९२
३	विशेष अनुदान-२६३३३	८५	३२६६८९.००	२०२५५४.१८	६२.००
४	समपुरक अनुदान-२६३३४	८७	४९४८७०.००	३१६४२७.०५	६३.९४
	जम्मा	**५३२**	**२००१०५९.००**	**१७१२८९५.३५**	**८५.६०**

आर्थिक वर्ष २०८२/८३ मा गण्डकी प्रदेश भित्रका ८५ वटा स्थानीय तहहरुलाई समानीकरण, सशर्त, विशेष र समपुरक अनुदान मार्फत रु.२ अर्ब १० लाख ५९ हजार वित्तीय हस्तान्तरण गर्ने लक्ष्य रहेकोमा रु.१ अर्ब ७१ करोड २८ लाख ९५ हजार हस्तान्तरण भएको छ। वित्तीय समानीकरण अनुदान लक्ष्यको तुलनामा शत प्रतिशत हस्तान्तरण भएको छ। सशर्त, समपुरक र विशेष अनुदान प्रदेश सरकारद्वारा स्वीकृत कार्यविधि बमोजिम कार्यप्रगतिको आधारमा हस्तान्तरण हुने व्यवस्था रहेको छ।

४.२.१ वित्तीय समानीकरण अनुदान

विनियोजन ऐन, २०८२ र बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ मा प्रत्येक आर्थिक वर्षको भदौ २५ गते, कात्तिक २५ गते, माघ २५ गते र वैशाख २५ गते भित्र गरी चार किस्तामा वित्तीय समानीकरण अनुदान वापतको रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण गर्ने व्यवस्था रहेको छ। उल्लिखित कानूनी व्यवस्था बमोजिम प्रदेश सरकारबाट आर्थिक वर्ष २०८२/८३ का लागि प्रदेशभित्रका सबै स्थानीय तहमा वित्तीय समानीकरण अनुदान वापत कुल रू.१ अर्ब १६ करोड विनियोजन गरिएकोमा चार किस्ता गरी १००% रकम हस्तान्तरण गरिएको छ।

४.२.२ सशर्त अनुदान

प्रदेश सरकारबाट आर्थिक वर्ष २०८२/८३ मा शुरु विनियोजन तथा थप विनियोजन गरी २५५ क्रियाकलापको लागि सशर्त अनुदान तर्फ जम्मा रू.५ करोड ४ लाख ७९ हजार २ सय ५० विनियोजन गरिएको थियो। गण्डकी प्रदेश विनियोजन ऐन, २०८२ मा आयोजना तथा कार्यक्रमका लागि विनियोजित रकममध्ये ५० प्रतिशत रकम भाद्र मसान्त वा विनियोजन भएको दुइ महिनाभित्र सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण गर्नुपर्ने र बाँकी पचास प्रतिशत रकम आयोजनाको लागत अनुमान, आयोजना तथा कार्यक्रम सम्झौता, अन्तिम मूल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदनसहित सम्बन्धित स्थानीय तहबाट निकासा माग भएपछि हस्तान्तरण गर्ने व्यवस्था रहेको छ। उल्लिखित कानूनी व्यवस्था बमोजिम आर्थिक वर्ष २०८२/८३ मा सशर्त अनुदान अन्तर्गत सञ्चालित आयोजनाहरूको लागि रू.३ करोड ३९ लाख १४ हजार हस्तान्तरण गरिएको छ।

४.२.३ विशेष अनुदान

प्रदेश सरकारबाट आर्थिक वर्ष २०८२/८३ मा विशेष अनुदान तर्फ जम्मा रू.३२ करोड ६६ लाख ८९ हजार बजेट विनियोजन गरिएको थियो। गण्डकी प्रदेश विनियोजन ऐन, २०८२ कोमा आयोजना तथा कार्यक्रमका लागि विनियोजित रकममध्ये ५० प्रतिशत रकम भाद्र मसान्त वा विनियोजन भएको दुइ महिनाभित्र सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण गर्नुपर्ने र बाँकी पचास प्रतिशत रकम आयोजनाको लागत अनुमान, आयोजना तथा कार्यक्रम सम्झौता, अन्तिम मूल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदनसहित सम्बन्धित स्थानीय तहबाट निकासा माग भएपछि हस्तान्तरण गर्नुपर्ने व्यवस्था रहेको छ। उल्लिखित कानूनी व्यवस्था बमोजिम आर्थिक वर्ष २०८२/८३ मा रू.२० करोड २५ लाख ५४हजार हस्तान्तरण गरिएको छ।

४.२.४ समपूरक अनुदान

प्रदेश सरकारबाट आर्थिक वर्ष २०८२/८३ मा स्थानीय तहका ८७ वटा आयोजनाको लागि समपूरक अनुदानतर्फ जम्मा रू.४९ करोड ४८ लाख ७० हजार बजेट विनियोजन गरिएको थियो। गण्डकी प्रदेश विनियोजन ऐन, २०८२ मा आयोजना तथा कार्यक्रमका लागि विनियोजित रकममध्ये ५० प्रतिशत रकम भाद्र मसान्त वा विनियोजन भएको दुइ महिनाभित्र सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण गर्नुपर्ने र बाँकी पचास प्रतिशत रकम आयोजनाको लागत अनुमान, आयोजना तथा कार्यक्रम सम्झौता, अन्तिम मूल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदनसहित सम्बन्धित स्थानीय तहबाट निकासा माग भएपछि हस्तान्तरण गर्ने व्यवस्था रहेको छ। उल्लिखित कानूनी व्यवस्था बमोजिम आर्थिक वर्ष २०८२/८३ मा कुल रू. ३१ करोड ६४ लाख २७ हजार हस्तान्तरण गरिएको छ।

परिच्छेद - ५
वित्तीय क्षेत्र विश्लेषण

नेपालको संविधानको अनुसूची-६ मा नेपाल राष्ट्र बैंकको नीति अनुरुप वित्तीय संस्थाहरूको सञ्चालन, सहकारी संस्था, नेपाल सरकारको सहमतिमा बैदेशिक अनुदान र सहयोगलाई प्रदेश सरकारको एकल अधिकार सूचीमा राखिएको छ। त्यसैगरी सहकारी क्षेत्रलाई सङ्घ र प्रदेशको साझा अधिकारको सूचीमा तथा सहकारी संस्थालाई स्थानीय तहको एकल अधिकारको सूचीमा र तीनै तहको साझा अधिकारको सूचीमा समेत राखिएको छ। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहत सहकारी रजिष्ट्रारको कार्यालय स्थापना भएको छ। प्रदेश सरकारबाट सहकारी ऐन, २०७५ र नियमावली, २०७६ जारी गरी कार्यान्वयन गरिएको छ।

नेपालको संविधानले प्रदेश सरकारको वित्तीय क्षेत्राधिकार अन्तर्गत नेपाल राष्ट्र बैंकको नीति अनुरुप वित्तीय संस्थाहरूको सञ्चालन, सहकारी संस्था, नेपाल सरकारको सहमतिमा वैदेशिक अनुदान र सहयोगलाई राखेको छ। प्रदेश सरकारले ती क्षेत्रहरूमध्ये सहकारी क्षेत्रलाई मात्र आफ्नो कार्यक्षेत्र अन्तर्गत समेट्न सकेको छ।

सहकारी संस्थाहरूले वित्तीय, उत्पादक, बहुउद्देश्यीय, सेवा तथा उपभोक्ता जस्ता विभिन्न क्षेत्रहरूमा आधारित भई कार्य गर्दछन्। मुख्य रूपमा, सहकारीहरूले सदस्यहरूबाट शेयर पुँजी तथा बचत सङ्कलन गरी ऋण लगानी गर्ने र कृषि एवम् औद्योगिक उत्पादन जस्ता प्राथमिकता प्राप्त क्षेत्रहरूमा पुँजी परिचालन गर्ने कार्य गर्दछन्। संस्थागत तथा शासकीय दृष्टिकोणबाट सहकारी क्षेत्रमा संस्थाको दर्ता, अनुगमन, नियमन, सुपरिवेक्षण, व्यवस्थापन परामर्श तथा तालिम एवम् अनुसन्धान व्यवस्थापन जस्ता कार्यहरू समावेश हुन्छन्। त्यसैगरी, सहकारीहरूको पुनर्गठन, एकीकरण (मर्जर), विभाजन, क्षेत्र विस्तार, विनियम संशोधन, तथ्यांक व्यवस्थापन र स्थानीय तहसँग समन्वय तथा सहकार्य जस्ता प्रशासनिक प्रक्रियाहरूको सञ्चालन गरिन्छ। यसका अतिरिक्त, ऋण असुली, रोक्का जग्गा फुकुवा, दर्ता खारेजी वा लिक्विडेशन सम्बन्धी कार्यका साथै अनुदान सहयोग र व्यावसायिक परामर्शको सिफारिस गर्ने एवम् सुशासन प्रवर्द्धन र प्रतिवेदन सम्बन्धी कार्यहरू सम्पादन हुने गर्दछन्।

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय र सहकारी रजिष्ट्रारको कार्यालय, गण्डकी प्रदेशको अद्यावधिक तथ्याङ्कका आधारमा आर्थिक वर्ष २०८२/८३ को अन्त्यसम्ममा सहकारी सङ्घ/संस्थाहरूमा कुल १३.९९ अर्ब रुपैयाँ शेयर पुँजी, ६३.०९ अर्ब रुपैयाँ बचत, र ६०.४३ अर्ब रुपैयाँ ऋण लगानी पुगेको छ। कुल ऋण लगानीमध्ये ७.३२ अर्ब रुपैयाँ भाखा नाघेको ऋण (असुली हुन बाँकी/जोखिममा रहेको ऋण) को रूपमा रहेको देखिन्छ। क्षेत्रगत लगानीतर्फ कृषि क्षेत्रमा ४.१३ अर्ब रुपैयाँ र औद्योगिक उत्पादन व्यवसायमा ६०.२८ करोड रुपैयाँ लगानी भएको छ।

गण्डकी प्रदेशको क्षेत्राधिकारभित्र रहेका ८७३ वटा सहकारी सङ्घ/संस्थाहरूमध्ये ५९५ वटा अद्यावधिक (सक्रिय) रहेका छन् भने २७८ वटा संस्था निष्क्रिय अवस्थामा रहेका छन्। प्रदेशमा वित्तीय र उत्पादक क्षेत्रका सहकारीहरूको बाहुल्यता रहेको छ।

५.१. समग्र वित्तीय स्थिति तथा क्षेत्रगत लगानी विश्लेषण

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको अद्यावधिक विवरण अनुसार आर्थिक वर्ष २०८२/८३ को अन्त्यसम्म सहकारी सङ्घ/संस्थाहरूको समग्र वित्तीय सूचकहरू निम्न अनुसार रहेका छन्:

क. मुख्य वित्तीय सूचकहरू

- **कुल शेयर पुँजी:** १३.९९ अर्ब रुपैयाँ
- **कुल बचत:** ६३.०९ अर्ब रुपैयाँ
- **कुल ऋण लगानी:** ६०.४३ अर्ब रुपैयाँ
- **भाखा नाघेको ऋण:** ७.३२ अर्ब रुपैयाँ

ख. क्षेत्रगत लगानीको अवस्था

सहकारी क्षेत्रले मुख्यतया कृषि तथा औद्योगिक उत्पादनका क्षेत्रहरूमा लगानी परिचालन गरेको अवस्था रहेको छ। मुख्यतया कृषि क्षेत्रमा रू ४.१३ अर्ब लगानी गरेको छ। त्यस्तै औद्योगिक उत्पादन तथा व्यवसायमा लगानी ६०.२८ करोड रुपैयाँ रहेको विवरण मन्त्रालयबाट प्राप्त विवरणमा उल्लेख गरिएको छ। आ.व. २०८२/८३ को अन्त्यसम्मको वित्तीय विवरण तथा लगानीको विवरण देहायबमोजिम रहेको पाईएको छ।

तालिका १४ वित्तीय विवरण तथा लगानीको ढाँचा।

सूचक / क्षेत्र	**रकम रू.**
कुल शेयर पुँजी	१३.९९ अर्ब
कुल बचत	६३.०९ अर्ब
कुल ऋण लगानी	६०.४३ अर्ब
भाखा नाघेको कुल ऋण	७.३२ अर्ब
कृषि क्षेत्रको लगानी	४.१३ अर्ब
औद्योगिक उत्पादन लगानी	६०.२८ करोड

सहकारी रजिष्ट्रारको कार्यालय, गण्डकी प्रदेशको अभिलेख अनुसार प्रदेश क्षेत्राधिकारभित्र रहेका सहकारी सङ्घ/संस्थाहरूको सञ्चालन स्थिति र वर्गीकरण देहाय बमोजिम रहेको छ:

गण्डकी प्रदेश क्षेत्राधिकारभित्र कुल **८७३ वटा** सहकारी सङ्घ/संस्थाहरू दर्ता/सूचीकृत रहेका छन्:

- **अद्यावधिक सहकारी सङ्घ/संस्था:** ५९५ वटा (सक्रिय रूपमा विवरण अद्यावधिक गराएका)
- **निष्क्रिय सहकारी सङ्घ/संस्था:** २७८ वटा (विवरण अद्यावधिक नगराएका/निष्क्रिय)

प्रदेश क्षेत्राधिकारभित्र रहेका कुल ८७३ सहकारी सङ्घ/संस्थाहरूलाई कार्यप्रकृतिका आधारमा देहाय विभाजन गरिएको छ:

तालिका १५ गण्डकी प्रदेशमा सहकारीको विषयगत/प्रकारगत विवरण

सहकारीको प्रकार	**संख्या**
वित्तीय सहकारी	३७३
उत्पादक सहकारी	२६६
बहुउद्देश्यीय सहकारी	१८१
सेवा सहकारी	३४
उपभोक्ता सहकारी	१९
कुल योग	**८७३**

तथ्याङ्क अनुसार सहकारी क्षेत्रमा बचत सङ्कलन र ऋण लगानीको आकार ठूलो रहे तापनि रू. ७.३२ अर्ब भाखा नाघेको ऋण रहनुले वित्तीय जोखिमको उपस्थिति देखाउँछ। साथै, गण्डकी प्रदेशको अवस्थालाई हेर्दा कुल संस्थाहरूमध्ये करिब ३१.८५ प्रतिशत (२७८ वटा) सहकारीहरू निष्क्रिय रहनुले प्रदेश स्तरमा अनुगमन, नियमन र संस्थागत सबलीकरणको आवश्यकतालाई औंल्याउँछ। लगानीतर्फ औद्योगिक उत्पादनको तुलनामा कृषि क्षेत्रमा बढी लगानी केन्द्रित रहेको देखिन्छ।

परिच्छेद ६
बेरुजु

६.१ बेरुजु विवरण

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २ मा बेरुजु भन्नाले "प्रचलित कानून बमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासीव तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याएको वा ठहऱ्याएको कारोबार सम्झनु पर्छ।" भनी परिभाषित गरिएको छ।

नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ मा सङ्घ, प्रदेश र स्थानीय तहका सरकारी कार्यालय तथा सरकारको पूर्ण स्वामित्वमा रहेका सङ्गठित संस्था वा निकायको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण गरिने उल्लेख छ। नेपालको संविधानको धारा २९४ (३) र लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (४) मा महालेखापरीक्षकले प्रदेश प्रमुखसमक्ष वार्षिक प्रतिवेदन पेस गर्न सक्ने व्यवस्था रहेको छ।

महालेखा परिक्षकको कार्यालयबाट आर्थिक वर्ष २०८१/८२ मा गण्डकी प्रदेशका मन्त्रालय र मातहतका सरकारी कार्यालय एवम् निकाय, समिति तथा अन्य संस्थासमेत १८० निकाय तथा कार्यालयको रु.४१ अर्ब ४५ करोड ८१ लाख ३२ हजारको लेखापरीक्षण सम्पन्न भई रु.५९ करोड ५० लाख १९ हजार बेरुजु कायम भएको छ। कुल लेखापरीक्षण रकमको तुलनामा बेरुजु १.४४ प्रतिशत रहेको छ।

६.१.१ वार्षिक बेरुजु विवरण

महालेखा परिक्षकको कार्यालयबाट प्रकाशित महालेखापरीक्षकको आठौं वार्षिक प्रतिवेदन २०८३, गण्डकी प्रदेश अनुसार आर्थिक वर्ष २०८१/८२ मा देहायको बेरूजु रहेको छ।

तालिका १६ आर्थिक वर्ष २०८१/८२ को वार्षिक बेरुजु विवरण।

(रू. हजारमा)

क्र.सं.	वर्गीकरण	सरकारी कार्यालय	समिति तथा अन्य संस्था	जम्मा	कुल बेरुजुको भार (%)
१.	**असुल गर्नुपर्ने**	**३६,८७५**	**६,५६६**	**४३,४४१**	**७.३०**
२.	**नियमित गर्नुपर्ने**	**४,१५,५६७**	**८१,३७२**	**४,९६,९३९**	**८३.५२**
	• अनियमित भएको	७८,६९०	१५,१०३	९३,७९३	१५.७६
	• प्रमाण कागजात पेस नभएको	३,३६,८७७	१२,२२८	३,४९,१०५	५८.६७
	• शोधभर्ना नलिएको	-	५४,०४१	५४,०४१	९.०९
३.	**पेश्की**	**५४,६३९**	-	**५४,६३९**	**९.१८**
	जम्मा बेरुजु	**५,०७,०८१**	**८७,९३८**	**५,९५,०१९**	**१००**

६.१.२ अद्यावधिक बेरुजु विवरण

महालेखा परीक्षकको कार्यालयको वार्षिक प्रतिवेदन अनुसार आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्ममा गण्डकी प्रदेशको हालसम्मको बाँकी बेरुजु प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षणबाट औल्याइएको अद्यावधिक बेरुजु रु.२ अर्ब ८३ करोड ३८ लाख ९५ हजार रहेको छ। अद्यावधिक बेरुजु गत वर्षभन्दा ५.०७ प्रतिशतले घटेको छ।

तालिका १७ लेखापरीक्षणबाट औल्याइएको आर्थिक वर्ष २०८१/८२ सम्मको अद्यावधिक बेरुजु

विवरण	विगतको बेरुजु	सम्परीक्षण भएको बेरुजु	सम्परीक्षणबाट थप बेरुजु	विगतको खुद बाँकी बेरुजु	चालु वर्षको थप बेरुजु	हालसम्मको बाँकी बेरुजु
प्रदेश सरकारी निकाय तर्फ	२६२९०९६	७३६५५३	२३८८६	१९१६४२९	५०७०८१	२४२३५१०
समिति तथा अन्य संस्था तर्फ	३५६००६	३४५११	९५२	३२२४४७	८७९३८	४१०३८५
जम्मा	**२९८५१०२**	**७७१०६४**	**२४८३८**	**२२३८८७६**	**५९५०१९**	**२८३३८९५**

आर्थिक वर्ष २०८१/८२ मा गण्डकी प्रदेश मातहतका १५९ सरकारी कार्यालयको लेखापरीक्षण भएकोमा ९० वटा कार्यालयमा लगती बेरुजु देखिएको छैन। समिति तथा अन्य संस्था २१ मध्ये १० निकायमा लगती बेरुजु देखिएको छैन।

गण्डकी प्रदेश सरकारी कार्यालयतर्फ गत वर्षसम्मको पेस्की रु.७७ करोड ४४ लाख १६ हजार बाँकी रहेको मध्ये रु.१ अर्ब ९० करोड ७६ लाख ७९ हजार समायोजनबाट थप र रु.४४ करोड २६ लाख १५ हजार फस्यौट भई बाँकी रु.२ अर्ब २३ करोड ९४ लाख ८० हजार रहेकोमा यो वर्ष रु.५ करोड ४६ लाख ३९ हजार थप भई कुल रु.२ अर्ब २९ करोड ४१ लाख १९ हजार बाँकी रहेको छ।

६.१.३. आन्तरिक लेखा परिक्षण

आर्थिक वर्ष २०८२/८३ मा प्रदेश लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा इकाई कार्यालयहरुबाट गरिएको आन्तरिक लेखापरीक्षणबाट बेरुजुको प्रकृति अनुसार लेखापरीक्षण गरिएको रकममध्ये रु.१ करोड ५७ लाख १३ हजार असुल गर्नुपर्ने, रु.१ करोड ५६ लाख २६ हजार नियमित गर्नुपर्ने र रु. १४ करोड १९ लाख ७० हजार म्याद नाघेको पेश्की गरी **कुल रु.१७ करोड ३३ लाख १० हजार** आन्तरिक लेखा परीक्षण बेरुजु औंल्याईएको बेहोरा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रकाशित एकीकृत वार्षिक वित्तीय विवरण, २०८२/८३ मा उल्लेख गरिएको छ।

परिच्छेद-७
मन्त्रालयगत प्रगति विवरण

७.१ प्रदेश सभा

प्रदेश सभामा प्रादेशिक कानुन बनाउने र प्रदेश सरकारको निर्माण गर्ने प्रमुख दायित्व रहेको छ। गण्डकी प्रदेश सभामा कार्य व्यवस्था परामर्श समिति, विधायन समिति, सार्वजनिक लेखा समिति, प्रदेश मामिला समिति र अर्थ तथा विकास समिति गरी ५ वटा समितिहरू रहेका छन्। प्रदेश सभा सञ्चालन र व्यवस्थापनको लागि प्रदेश सभा सचिवालय रहेको छ।

७.१.१ वित्तीय प्रगति विवरण

प्रदेश सभाको लागि आर्थिक वर्ष २०८२/८३ मा विनियोजन गरिएको जम्मा बजेट र आर्थिक वर्षको अन्त्यसम्ममा भएको खर्चको विवरण देहाय देखाइएको छ।

तालिका १८ प्रदेश सभाको वित्तीय प्रगति विवरण

(रू. हजारमा)

खर्च/स्रोत प्रकार	विनियोजन	थप/घट	जम्मा बजेट	जम्मा खर्च	खर्च %
चालु	**१६२०२०.००**	**०.००**	**१६२०२०.००**	**१११०८४.४८**	**६८.५६**
प्रदेश सरकार	१६२०२०.००	०.००	१६२०२०.००	१११०८४.४८	६८.५६
पुँजीगत	**५०००.००**	**४६९६०.००**	**५१९६०.००**	**३६८९२.५७**	**७१.००**
प्रदेश सरकार	५०००.००	४६९६०.००	५१९६०.००	३६८९२.५७	७१.००
कुल जम्मा	**१६७०२०.००**	**४६९६०.००**	**२१३९८०.००**	**१४७९७७.०५**	**६९.१५**

गण्डकी प्रदेश सभामा यस आर्थिक वर्षको लागि कुल रू. १६ करोड ७० लाख २० हजार सुरु विनियोजन गरिएकोमा चालुतर्फ रू. १६ करोड २० लाख २० हजार र पुँजीगततर्फ रू. ५० लाख रहेको थियो। यस निकायको लागि चालुतर्फ रकमान्तर नभएको र पुँजीगततर्फ रू. ४ करोड ६९ लाख ६० हजार रकमान्तर भई कुल जम्मा बजेट रू. २१ करोड ३९ लाख ८० हजार कायम भएको थियो। यसमा विनियोजन गरिएको सम्पूर्ण बजेटको स्रोत प्रदेश सरकार रहेको छ। विनियोजित कुल रकममध्ये चालुतर्फ रू. ११ करोड १० लाख ८४ हजार (६८.५६ प्रतिशत) र पुँजीगततर्फ रू. ३ करोड ६८ लाख ९२ हजार (७१.०० प्रतिशत) खर्च भई जम्मा रू. १४ करोड ७९ लाख ७७ हजार खर्च भएको छ। समग्रमा गण्डकी प्रदेश सभाबाट कुल कायम भएको बजेटको ६९.१५ प्रतिशत खर्च भएको देखिन्छ।

७.१.२ मुख्य उपलब्धिहरू

आर्थिक वर्ष २०८२/८३ को आर्थिक वर्षको अन्त्यसम्ममा प्रदेश सभाबाट सम्पादन भएका कार्यक्रमबाट प्राप्त मुख्य उपलब्धिहरू देहाय रहेका छन्-

- आर्थिक वर्ष २०८२/८३ मा ११ वटा कानुन निर्माण भएको,
- प्रदेश सभाका महिला सदस्यहरु र स्थानीय तहका न्यायिक समितिहरुबीच अनुभव आदानप्रदान कार्यक्रम सम्पन्न भई कानुन कार्यान्वयन र न्यायिक कार्यसम्पादनमा सहजता भएको,
- विगतमा पारित भएका कानूनहरुको कार्यान्वयनको अवस्था र चुनौतीहरुका बारेमा विस्तुत अध्ययन भई आगामी कानून परिमार्जनका लागि उत्तर विधायिकी परीक्षणको लागि कार्यविधि तयार भई उत्तर विधायिकी परीक्षणको कार्य प्रारम्भ भएको,
- विभिन्न स्थानीय तहमा सभा सञ्चालन प्रक्रिया सम्बन्धमा अनुभव आदानप्रदान कार्यक्रम सम्पन्न गरेको,
- संसदीय समितिले प्रदेश सरकारद्धारा सञ्चालित कार्यक्रमको अनुगमन गरी अनुगमनवाट प्राप्त पृष्ठपोषणको आधारमा सरकारलाई निर्देशन दिएको,
- विभिन्न संसदीय समिति मार्फत संसदीय निगरानी गरी प्रदेश सरकारलाई जवाफदेही बनाउने प्रयास गरेको।

७.२ प्रदेश लोक सेवा आयोग

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ अनुसार प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश गठन भई कार्य गरिरहेको छ। प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्तिको लागि उपयुक्त उमेद्वार छनोट गर्नु यस आयोगको प्रमुख कार्यजिम्मेवारी रहेको छ।

७.२.१ वित्तीय प्रगति विवरण

प्रदेश लोक सेवा आयोगको लागि आर्थिक वर्ष २०८२/८३ मा विनियोजन गरिएको जम्मा बजेट र आर्थिक वर्षको अन्त्यसम्ममा भएको खर्चको विवरण देहाय देखाइएको छ।

तालिका १९ लोक सेवा आयोगको वित्तीय प्रगति विवरण

(रू. हजारमा)

खर्च/स्रोत प्रकार	विनियोजन	थप/घट	जम्मा बजेट	जम्मा खर्च	खर्च %
चालु	**१०८०००.००**	**५००.००**	**१०८५००.००**	**७४०६६.०९**	**६८.२६**
प्रदेश सरकार	१०८०००.००	५००.००	१०८५००.००	७४०६६.०९	६८.२६
पुँजीगत	**३४०००.००**	**-२९४००.००**	**४६००.००**	**५०२.८१**	**१०.९३**
प्रदेश सरकार	३४०००.००	-२९४००.००	४६००.००	५०२.८१	१०.९३
कुल जम्मा	**१४२०००.००**	**-२८९००.००**	**११३१००.००**	**७४५६८.९०**	**६५.९३**

प्रदेश लोक सेवा आयोगमा आर्थिक वर्ष २०८२/८३ को लागि कुल रू. १४ करोड २० लाख सुरु विनियोजन गरिएकोमा चालुतर्फ रू. १० करोड ८० लाख र पुँजीगततर्फ रू. ३ करोड ४० लाख रहेको थियो। यस निकायको लागि चालुतर्फ रू. ५ लाख थप र पुँजीगततर्फ रू. २ करोड ९४ लाख घट रकमान्तर भई कुल जम्मा बजेट रू. ११ करोड ३१ लाख कायम भएको थियो। यसमा विनियोजन गरिएको सम्पूर्ण बजेटको स्रोत प्रदेश सरकार रहेको छ। विनियोजित कुल रकममध्ये चालुतर्फ रू. ७ करोड ४० लाख ६६ हजार ९० (६८.२६ प्रतिशत) र पुँजीगततर्फ रू. ५ लाख २ हजार ८ सय १० (१०.९३ प्रतिशत) खर्च भई जम्मा रू. ७ करोड ४५ लाख ६८ हजार ९ सय खर्च भएको छ। समग्रमा प्रदेश लोक सेवा आयोगबाट कुल कायम भएको बजेटको ६५.९३ प्रतिशत खर्च भएको देखिन्छ।

७.२.२ मुख्य उपलब्धिहरू

आर्थिक वर्ष २०८२/८३ को आर्थिक वर्षको अन्त्यसम्ममा प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशबाट सम्पादन भएका कार्यक्रमबाट प्राप्त मुख्य उपलब्धिहरू देहाय रहेका छन्-

- **पाठ्यक्रम निर्माण तथा परिमार्जनः** सेवा प्रवाहलाई समयानुकुल र प्रभावकारी बनाउन विभिन्न सेवा, समूह तथा तहका कुल १५५ वटा पाठ्यक्रम निर्माण तथा परिमार्जन सम्पन्न गरेको। अधिकृत एघारौं तहदेखि सहायक तेस्रो तहसम्मका प्राविधिक तथा अप्राविधिक पदहरूका लागि आवश्यक पाठ्यक्रमहरू तर्जुमा गरी लागू गरेको।
- **पदपूर्ति विज्ञापन प्रकाशनः** प्रदेश तथा स्थानीय तहमा रिक्त रहेका पदपूर्तिका लागि खुला, बढुवा, आन्तरिक प्रतियोगिता तथा अन्तरतह गरी कुल ५,४४९ पदमा विज्ञापन प्रकाशन गरेको।
- **समावेशी सिद्धान्तको कार्यान्वयनः** खुलातर्फ २,५८८ पदका अतिरिक्त, महिला ६८६, आदिवासी जनजाति ४८४, दलित २२६, विपन्न खस आर्य १३७, मधेसी ९९, अपाङ्गता भएका ६७, थारू ३९ र मुस्लिम ३१ का लागि पदहरू विज्ञापित गरी समावेशी पदपूर्ति गरेको।
- **वृत्ति विकाससम्बन्धी विज्ञापनः** सेवारत कर्मचारीहरूको वृत्ति विकासका अवसर विस्तार गर्न बढुवातर्फ ९२७, आन्तरिक प्रतियोगितातर्फ ७० तथा अन्तरतहतर्फ ९५ पदमा विज्ञापन आह्वान गरेको।
- **दरखास्त व्यवस्थापनः** अनलाइन दरखास्त प्रणालीमार्फत विभिन्न तहका लागि हालसम्म कुल ४,९८,४४४ थान दरखास्त सफलतापूर्वक संकलन तथा प्रक्रियागत व्यवस्थापन गरेको। आयोगको पदपूर्ति प्रक्रियाप्रति आकर्षण वृद्धि भई कुल दरखास्तमध्ये २,०३,३६३ जना महिला उम्मेदवारहरू सहभागी गराउन सफल भएको (पुरुष दरखास्त संख्याः २,६९,९८०)।
- **स्थायी नियुक्तिका लागि सिफारिसः** योग्यता प्रणालीका आधारमा प्रतिस्पर्धात्मक परीक्षातर्फ प्रदेश सेवाका ७६२ र स्थानीय तहका २,९६२ गरी कुल ३,७२४ जना सफल उम्मेदवारहरूलाई स्थायी पदपूर्तिका लागि सिफारिस गरेको।
- **महिला प्रतिनिधित्व अभिवृद्धिः** प्रतिस्पर्धात्मक परीक्षाबाट स्थायी नियुक्तिका लागि सिफारिस भएका कुल उम्मेदवारहरूमध्ये १,१६३ जना महिला छनोट गरी सार्वजनिक सेवामा महिला प्रतिनिधित्व उल्लेख्य रूपमा बढाएको।

- **तहगत पदपूर्ति सन्तुलनः** अधिकृत एघारौँ तहदेखि सहायक तेस्रो तहसम्मका पदहरूमा (एघारौँः ५, नवौँः ५६, आठौँः ४८, सातौँः ३४६, पाँचौँः १,२१५, चौथोः १,८६८ र तेस्रोः १८६) दक्ष जनशक्ति छनोट गरी सिफारिस गरेको।
- **बढुवा सिफारिस कार्यः** सेवारत कर्मचारीहरूको कार्यसम्पादन तथा ज्येष्ठताका आधारमा प्रदेशतर्फ ३३८ र स्थानीय तहतर्फ १७९ गरी कुल ५१७ पदमा बढुवा सिफारिस गरेको।
- **बढुवा उजुरीको प्रभावकारी निरूपणः** बढुवा सिफारिसउपर आयोगमा दर्ता भएका कुल ४६ थान उजुरीमध्ये ३४ वटामा बढुवा समितिको निर्णय सदर, १० वटामा संशोधन तथा २ वटा विचाराधीन अवस्थामा राखी न्यायिक निरूपण गरेको।
- **सेवा शर्त तथा कानून निर्माणमा परामर्शः** प्रदेश तथा स्थानीय तहका कर्मचारी सेवाका शर्तसम्बन्धी कानून निर्माण तथा संशोधनका विषयमा आयोगबाट २१ पटक कानूनी राय/परामर्श उपलब्ध गराएको।
- **विभागीय सजायसम्बन्धी परामर्शः** कर्मचारीहरूको आचरण तथा अनुशासन सम्बन्धी विभागीय सजायका विषयमा आयोगले निष्पक्ष रूपमा २ वटा परामर्श प्रदान गरेको।
- **संस्थागत विकास, अभिमुखीकरण तथा अनुगमनः** पञ्चवर्षीय रणनीतिक योजना (आ.व. २०८१/०८२ - २०८५/०८६) तर्जुमा र कार्यान्वयन गरेको।

७.३ मुख्य न्यायाधिवक्ताको कार्यालय

प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको संविधान वा कानूनको व्याख्या सम्वन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट वहस पैरवी गर्ने र प्रदेश सरकार, प्रदेश सरकार अन्तर्गतको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीलाई कुनै संवैधानिक वा कानूनी प्रश्नमा राय माग गरेमा कानूनी राय दिन प्रदेशमा मुख्य न्यायाधिवक्ताको व्यवस्था गरिएको छ। मुख्य न्यायधिवक्ताको काम कारवाही प्रभावकारी तुल्याउन मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना गरिएको छ।

७.३.१ वित्तीय प्रगति विवरण

मुख्य न्यायाधिवक्ताको कार्यालयको लागि आर्थिक वर्ष २०८२/८३ मा विनियोजन गरिएको जम्मा बजेट र आर्थिक वर्षको अन्त्यसम्ममा भएको खर्चको विवरण देहाय छ।

तालिका २० मुख्य न्यायाधिवक्ताको कार्यालयको वित्तीय प्रगति विवरण

(रू. हजारमा)

खर्च/स्रोत प्रकार	विनियोजन	थप/घट	जम्मा बजेट	जम्मा खर्च	खर्च %
चालु	**२०५००.००**	**१०.००**	**२०५१०.००**	**१५६९३.८२**	**७६.५२**
प्रदेश सरकार	२०५००.००	१०.००	२०५१०.००	१५६९३.८२	७६.५२
पुँजीगत	**२०००.००**	**२१०४.००**	**४१०४.००**	**१८३०.४१**	**४४.६०**
प्रदेश सरकार	२०००.००	२१०४.००	४१०४.००	१८३०.४१	४४.६०
कुल जम्मा	**२२५००.००**	**२११४.००**	**२४६१४.००**	**१७५२४.२३**	**७१.२०**

मुख्य न्यायाधिवक्ताको कार्यालयमा आर्थिक वर्ष २०८२/८३ को लागि कुल रू. २ करोड २५ लाख सुरु विनियोजन गरिएकोमा चालुतर्फ रू. २ करोड ५ लाख र पुँजीगततर्फ रू. २० लाख रहेको थियो। यस निकायको लागि चालुतर्फ रू. १० हजार र पुँजीगततर्फ रू. २१ लाख ४ हजार रकमान्तर भई कुल जम्मा बजेट रू. २ करोड ४६ लाख १४ हजार कायम भएको थियो। यसमा विनियोजन गरिएको सम्पूर्ण बजेटको स्रोत प्रदेश सरकार रहेको छ। विनियोजित कुल रकममध्ये चालुतर्फ रू. १ करोड ५६ लाख ९३ हजार ८ सय २० (७६.५२ प्रतिशत) र पुँजीगततर्फ रू. १८ लाख ३० हजार ४ सय १० (४४.६० प्रतिशत) खर्च भई जम्मा रू. १ करोड ७५ लाख २४ हजार २ सय ३० खर्च भएको छ। समग्रमा मुख्य न्यायाधिवक्ताको कार्यालयबाट कुल कायम भएको बजेटको ७१.२० प्रतिशत खर्च भएको देखिन्छ।

७.३.२ मुख्य उपलब्धिहरू

आर्थिक वर्ष २०८२/८३ को अन्त्यसम्ममा मुख्य न्यायाधिवक्ताको कार्यालयबाट सम्पादन भएका कार्यक्रम तथा प्राप्त मुख्य उपलब्धिहरू देहाय रहेका छन्-

- **कानून अधिकृत तथा कर्मचारी क्षमता अभिवृद्धिः** विभिन्न मन्त्रालयका कानून अधिकृत तथा मुख्य न्यायाधिवक्ताको कार्यालयका कर्मचारीहरूलाई ३ वटा तालिम सम्पन्न गरी संशोधित कानून, रिट लेखन तथा आवश्यक कागजातहरूबारे जानकारी प्रदान गरेको।
- **स्थानीय तहको न्यायिक कार्यसम्पादन सुदृढीकरणः** ६ जिल्लामा स्थानीय तहका न्यायिक समितिका सदस्य एवम् कर्मचारीहरूलाई तालिम प्रदान गरी फिराद, म्याद, हदम्याद, प्रतिउत्तरपत्र, फैसला, पुनरावेदन र फैसला कार्यान्वयन जस्ता न्यायिक प्रक्रियाको बारेमा विस्तृत जानकारी गराएको।
- **नमूना कार्यविधि कानून निर्माण र प्रतिबद्धताः** गण्डकी प्रदेशका स्थानीय तहका न्यायिक समितिहरूले न्याय सम्पादन गर्दा अपनाउनुपर्ने कार्यविधि कानूनको मस्यौदा, २०८१ निर्माण गरेको।
- **कानूनी सचेतना तथा समुदायसँग समन्वयः** १४ वटा समुदाय तथा विद्यालयहरूमा 'समुदाय/विद्यालयसँग मुख्यन्यायाधिवक्ता' कार्यक्रम सञ्चालन गरी समुदाय स्तरमा आधारभूत कानून सम्बन्धी जानकारी गराएको।
- **सरोकारवाला निकायहरूसँग समन्वय र अन्तरक्रियाः** विभिन्न जिल्लाहरूमा १२ पटक अदालत, सरकारी वकील कार्यालय, बार एशोसिएसन, प्रहरी, कारागार तथा अन्य सरोकारवाला निकायहरूसँग तालिम, छलफल तथा अन्तरक्रिया गरी न्याय सम्पादनमा समन्वय र न्यायिक समाज निर्माणमा भूमिकाबारे छलफल गरेको।

७.४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश सरकार सञ्चालनका लागि आवश्यक ऐन कानूनको तर्जुमा, योजनाबद्ध विकास कार्यक्रम सञ्चालन, नेपाल सरकार र स्थानीय तहसँग आपसी समन्वय एवम् सहयोग आदान प्रदानको मुख्य जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको छ। साथै मन्त्रिपरिषद्मा पेश हुने विषयहरूको व्यवस्थापन गर्ने, प्रशासनिक

गतिविधिहरुको अनुगमन मूल्यांकन एवम् निर्देशन दिने, प्रदेशमा कर्मचारी व्यवस्थापन लगायतका कार्य गर्नु यस कार्यालयको प्रमुख कार्यजिम्मेवारी रहेको छ।

७.४.१ वित्तीय प्रगति विवरण

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लागि आर्थिक वर्ष २०८२/८३ मा विनियोजन गरिएको जम्मा बजेट र आर्थिक वर्षको अन्त्यसम्ममा भएको खर्चको विवरण देहाय छ।

तालिका २१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वित्तीय प्रगति विवरण

(रू. हजारमा)

खर्च/स्रोत प्रकार	विनियोजन	थप/घट	जम्मा बजेट	जम्मा खर्च	खर्च %
चालु	**८८५५००.००**	**-६१३४०.००**	**८२४१६०.००**	**४०४८५८.१५**	**४९.१२**
प्रदेश सरकार	६८८८००.००	-६१३४०.००	६२७४६०.००	३२१७२०.८४	५१.२७
सशर्त अनुदान	१९६७००.००	०.००	१९६७००.००	८३१३७.३१	४२.२७
पुँजीगत	**१५८४००.००**	**६१२०.००**	**१६४५२०.००**	**८९३८४.३७**	**५४.३३**
प्रदेश सरकार	१५५१००.००	६१२०.००	१६१२२०.००	८७४३६.५४	५४.२३
सशर्त अनुदान	३३००.००	०.००	३३००.००	१९४७.८३	५९.०३
कुल जम्मा	**१०४३९००.००**	**-५५२२०.००**	**९८८६८०.००**	**४९४२४२.५३**	**४९.९९**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आर्थिक वर्ष २०८२/८३ को लागि कुल रू. १ अर्ब ४ करोड ३९ लाख सुरु विनियोजन गरिएकोमा चालुतर्फ रू. ८८ करोड ५५ लाख र पुँजीगततर्फ रू. १५ करोड ८४ लाख रहेको थियो। यस निकायको लागि चालुतर्फ रू. ६ करोड १३ लाख ४० हजार घट र पुँजीगततर्फ रू. ६१ लाख २० हजार थप रकमान्तर भई कुल जम्मा बजेट रू. ९८ करोड ८६ लाख ८० हजार कायम भएको थियो। यसमा विनियोजन गरिएको सम्पूर्ण बजेटको स्रोत प्रदेश सरकार र सशर्त अनुदान रहेको छ। विनियोजित कुल रकममध्ये चालुतर्फ रू. ४० करोड ४८ लाख ५८ हजार १ सय ५० (४९.१२ प्रतिशत) र पुँजीगततर्फ रू. ८ करोड ९३ लाख ८४ हजार ३ सय ७० (५४.३३ प्रतिशत) खर्च भई जम्मा रू. ४९ करोड ४२ लाख ४२ हजार ५ सय ३० खर्च भएको छ। समग्रमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट कुल कायम भएको बजेटको ४९.९९ प्रतिशत खर्च भएको देखिन्छ।

७.४.२ मुख्य उपलब्धिहरू

आर्थिक वर्ष २०८२/८३ को अन्त्यसम्ममा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सम्पादन भएका कार्यक्रमबाट प्राप्त मुख्य उपलब्धिहरू देहाय रहेका छन्-

- गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्का २८ वटा बैठक सम्पन्न भई विभिन्न विषयमा १२८ वटा निर्णयहरू भएका र उक्त विवरण वेबसाइटमा नियमित रूपमा प्रकाशन भएको,

- प्रदेश प्रशासनिक संरचना पुनरावलोकन अध्ययन तथा सुझाव समितिको सुझावका आधारमा नयाँ संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण प्रतिवेदन लागू गरी २८५ दरबन्दी पुनरावलोकन,
- स्थानीय तहको माग बमोजिम ६४ वटा स्थानीय तहमा न्यायिक सहजकर्ता परिचालन गरिएको,
- मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत १५ वटा र प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रमको नवप्रवर्तन साझेदारी कोष अन्तर्गत ८ वटा परियोजना प्रस्तावहरू स्वीकृत भई कार्यान्वयन भएको,
- विकास कार्यक्रमहरूको विद्युतीय माध्यमबाट अनुगमन गर्न गण्डकी प्रदेश अनुगमन प्रणाली (monitoring.gandaki.gov.np) सञ्चालनमा ल्याइएको, आर्थिक सहायता सूचना व्यवस्थापन प्रणाली निर्माण सम्पन्न गरिएको र प्रदेश सरकारका ८ वर्षे उपलब्धि समेटी पुस्तक प्रकाशन भएको,
- प्रदेश निजामती सेवाका ६१७ जना र स्थानीय सरकारी सेवाका २००२ जना कर्मचारीहरूको वैयक्तिक विवरण (सिटरोल) दर्ता गरिनुका साथै राष्ट्रिय किताबखानासँगको समन्वयमा विवरण अद्यावधिक (PIS Update) विशेष अभियान सञ्चालन भएको,
- अदालतमा दायर १५ वटा रिट निवेदनहरूको लिखित जवाफ दर्ता तथा प्रतिरक्षा गरिएको र विभिन्न ऐन, नियमावली तथा कार्यविधिहरू प्रदेश राजपत्रमा प्रकाशन भएको।

७.५ आर्थिक मामिला मन्त्रालय

प्रदेशको समष्टिगत आर्थिक अवस्थाको विश्लेषण तथा नीतिको तर्जुमा, कार्यान्वन र नियमन गर्ने कार्य अर्थ मन्त्रालयमा रहेको छ। प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन लगायतका आर्थिक एवम् योजना क्षेत्रका नीति तथा कानुनको तर्जुमा, कार्यान्वयन र नियमन सम्बन्धी कार्य गर्नु यस मन्त्रालयको प्रमुख कार्यजिम्मेवारी रहेको छ।

७.५.१ वित्तीय प्रगति विवरण

आर्थिक मामिला मन्त्रालयको लागि आर्थिक वर्ष २०८२/८३ मा विनियोजन गरिएको जम्मा बजेट र आर्थिक वर्षको अन्त्यसम्ममा भएको खर्चको विवरण देहाय छ।

तालिका २२ आर्थिक मामिला मन्त्रालयको वित्तीय प्रगति विवरण

(रू. हजारमा)

खर्च/स्रोत प्रकार	विनियोजन	थप/घट	जम्मा बजेट	जम्मा खर्च	खर्च %
चालु	**१९७९२९.००**	**१३६.५८**	**१९८०६५.५८**	**७८९९४.८८**	**३९.८८**
प्रदेश सरकार	१९७९२९.००	१३६.५८	१९८०६५.५८	७८९९४.८८	३९.८८
पुँजीगत	**३५०६०.००**	**०.००**	**३५०६०.००**	**८०५५.५९**	**२२.९८**
प्रदेश सरकार	३५०६०.००	०.००	३५०६०.००	८०५५.५९	२२.९८
कुल जम्मा	**२३२९८९.००**	**१३६.५८**	**२३३१२५.५८**	**८७०५०.४७**	**३७.३४**

आर्थिक मामिला मन्त्रालयमा आर्थिक वर्ष २०८२/८३ को लागि कुल रू. २३ करोड २९ लाख ८९ हजार सुरु विनियोजन गरिएकोमा चालुतर्फ रू. १९ करोड ७९ लाख २९ हजार र पुँजीगततर्फ रू. ३ करोड ५० लाख ६० हजार रहेको थियो। यस निकायको लागि चालुतर्फ रू. १ लाख ३६ हजार ५ सय ८० थप रकमान्तर भई र पुँजीगततर्फ रकमान्तर नभई कुल जम्मा बजेट रू. २३ करोड ३१ लाख २५ हजार ५ सय ८० कायम भएको थियो। यसमा विनियोजन गरिएको सम्पूर्ण बजेटको स्रोत प्रदेश सरकार रहेको छ। विनियोजित कुल रकममध्ये चालुतर्फ रू. ७ करोड ८९ लाख ९४ हजार ८ सय ८० (३९.८८ प्रतिशत) र पुँजीगततर्फ रू. ८० लाख ५५ हजार ५ सय ९० (२२.९८ प्रतिशत) खर्च भई जम्मा रू. ८ करोड ७० लाख ५० हजार ४ सय ७० खर्च भएको छ। समग्रमा आर्थिक मामिला मन्त्रालयबाट कुल कायम भएको बजेटको **३७.३४** प्रतिशत खर्च भएको देखिन्छ।

७.५.२ मुख्य उपलब्धिहरू

आर्थिक मामिला मन्त्रालयबाट आर्थिक वर्ष २०८२/८३ को अन्त्यसम्ममा सम्पादन भएका कार्यक्रमबाट प्राप्त मुख्य उपलब्धिहरू देहाय रहेका छन्-

- विषयगत मन्त्रालयहरुलाई आर्थिक वर्ष २०८२/०८३ को बजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शन २०८२ सम्प्रेषण गरिएको,
- गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को आन्तरिक लेखापरीक्षण प्रतिवेदन प्रकाशन गरिएको,
- गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को एकीकृत वित्तीय विवरण प्रकाशन गरिएको,
- गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को बजेट तथा खर्चको वार्षिक मूल्याङ्कन प्रतिवेदन प्रकाशन गरिएको,
- प्रदेश सरकारको आन्तरिक राजस्व सम्बन्धमा विषयगत मन्त्रालय निकाय र सरोकारवालासँग छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको,
- विनियोजन ऐनको कार्यान्वय सम्बद्ध स्रोत व्यवस्थापन तथा आर्थिक ऐनको कार्यान्वयन एवम् राजस्व सङ्कलन कार्यको अवस्था सम्बन्धी स्थानीय तहसँग राजस्व सङ्कलन गर्ने कार्यालयसँग विषय विज्ञ, सरोकारवालासँग अन्तरक्रिया र अभिमुखीकरण गोष्ठी सञ्चालन गरिएको,
- लेखा व्यवस्थापन सम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको,
- कर्मचारी सीप विकास क्षमता अभिवृद्धी र प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली सम्बन्धी तालिम सञ्चालन गरेको,

- कार्यालयको जिन्सी सामानहरुको निरिक्षण तथा मूल्याङ्कन गरी कानुन बमोजिम लिलाम बिक्री, मिनाहा तथा लगत कट्टा गर्ने कार्य सम्पन्न भएको,
- आर्थिक वर्ष २०८३/८४ को बजेट निर्माण तथा बजेट सम्बद्ध दस्तावेज तयार गरी प्रदेश सभामा पेश गरिएको।

७.६ उद्योग तथा पर्यटन मन्त्रालय

गण्डकी प्रदेश सरकारको मिति २०८१।०५।१६ को मन्त्रिपरिषद्को निर्णयानुसार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट विभाजन गरी उद्योग तथा पर्यटन मन्त्रालय स्थापना गरिएको हो। थियो। यस प्रदेश भित्रको समग्र आर्थिक श्रोतको मेरुदण्ड तथा उपभोक्ताको दैनिक उपभोग्य वस्तु उपलब्ध गराई सेवा पुऱ्याउने, उद्योग व्यवसायको नियमन विकास तथा गुणस्तरीय सेवा सर्वसुलभ रुपमा उपभोक्ता बीचमा पुऱ्याउन, समग्र व्यवसायको उत्थान तथा विकास गर्ने तथा पर्यटनको प्रचुर सम्भावना रहेको यस प्रदेशमा पर्यटकलाई आकर्षिक गरी देशको प्रमुख पर्यटकीय गन्तव्य-स्थलका रुपमा विकास गर्नु यसको मुख्य कार्यजिम्मेवारी रहेको छ। आर्थिक वर्ष २०८२/८३ मा उद्योग तथा पर्यटन मन्त्रालयले कार्यान्वयन गरेको बजेट तथा कार्यक्रमको प्रगति विवरण देहाय रहेको छ।

७.६.२.१ वित्तीय प्रगति विवरण

आर्थिक वर्ष २०८२/८३ मा उद्योग तथा पर्यटन मन्त्रालयको लागि विनियोजन गरिएको बजेट र खर्च विवरण देहाय रहेको छ।

तालिका २३ उद्योग तथा पर्यटन मन्त्रालयको वित्तीय प्रगति विवरण

(रकम रू हजारमा)

खर्च/स्रोत प्रकार	विनियोजन	थप/घट	जम्मा बजेट	जम्मा खर्च	खर्च %
चालु	**२६३६२४.००**	**२०९२.४७**	**२६५७१६.४७**	**१२१८५१.८२**	**४५.८६**
प्रदेश सरकार	२६३६२४.००	२०९२.४७	२६५७१६.४७	१२१८५१.८२	४५.८६
पुँजीगत	**५७८५६९.००**	**७९५०.००**	**५८६५१९.००**	**४५८२१४.४६**	**७८.१२**
प्रदेश सरकार	५७८५६९.००	७९५०.००	५८६५१९.००	४५८२१४.४६	७८.१२
कुल जम्मा	**८४२१९३.००**	**१००४२.४७**	**८५२२३५.४७**	**५८००६६.२७**	**६८.०६**

उद्योग तथा पर्यटन मन्त्रालयमा आर्थिक वर्ष २०८२/८३ को लागि कुल रू. ८४ करोड २१ लाख ९३ हजार सुरु विनियोजन गरिएकोमा चालुतर्फ रू. २६ करोड ३६ लाख २४ हजार र पुँजीगततर्फ रू. ५७ करोड ८५ लाख ६९ हजार रहेको थियो। यस निकायको लागि चालुतर्फ रू. २० लाख ९२ हजार ४ सय ७० थप र पुँजीगततर्फ रू. ७९ लाख ५० हजार थप रकमान्तर भई कुल जम्मा बजेट रू. ८५ करोड २२ लाख ३५ हजार ४ सय ७० कायम भएको थियो। यसमा विनियोजन गरिएको सम्पूर्ण बजेटको स्रोत प्रदेश सरकार रहेको

छ। विनियोजित कुल रकममध्ये चालुतर्फ रू. १२ करोड १८ लाख ५१ हजार ८ सय २० (४५.८६ प्रतिशत) र पुँजीगततर्फ रू. ४५ करोड ८२ लाख १४ हजार ४ सय ६० (७८.१२ प्रतिशत) खर्च भई जम्मा रू. ५८ करोड ६६ हजार २ सय ७० खर्च भएको छ। समग्रमा उद्योग तथा पर्यटन मन्त्रालयबाट कुल कायम भएको बजेटको ६८.०६ प्रतिशत खर्च भएको देखिन्छ।

७.६.२.२ मुख्य उपलब्धिहरू

उद्योग तथा पर्यटन मन्त्रालयले चालु आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्म सम्पादन भएका कार्यक्रमबाट प्राप्त प्रमुख उपलब्धि देहाय रहेका छन्-

- **नीतिगत तथा कानुनीः** गण्डकी प्रदेश घरेलु मदिरा ऐन, २०८२ र खानी तथा खनिज पदार्थ अन्वेषण र व्यवस्थापन ऐन, २०८२ निर्माण भएको, पर्यटन नीति, २०८३ मन्त्रिपरिषदमा पेस भएको।
- **पर्यटन विकासः** पर्यटन पूर्वाधार विकास अन्तर्गत ८०.१६ प्रतिशत वित्तीय र ९५ प्रतिशत भौतिक प्रगति हासिल भएको, पदमार्ग निर्माण, पार्क तथा बगैंचा विस्तारका साथै नेपाल-भारत पर्यटन मिट, पोखरा सडक महोत्सव र फेवा महोत्सव जस्ता प्रवर्द्धनात्मक कार्यक्रम सम्पन्न भएको।

- **उद्योग तथा उद्यमशीलताः** वृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्द्धन (GEEP) कार्यक्रम मार्फत २०० उद्यमीहरूलाई प्रविधि र क्षमता विकासमा आबद्ध गरिएको, १३,११० नयाँ उद्योग तथा वाणिज्य फर्महरू दर्ता र ३८,३७५ फर्महरूको नवीकरण सम्पन्न भएको।

- **उपभोक्ता हित संरक्षणः** प्रदेशभर जम्मा १०९ पटक बजार अनुगमन कार्य सम्पन्न भएको।

- **क्षमता विकास तथा संस्थागत सुधारः** पर्यटन तथा उद्योग कार्यालयहरूलाई "एकीकृत सेवा कार्यालय" मा रूपान्तरण गरी सेवा प्रवाह व्यवस्थित गरिएको, २७ वटा तालिम सञ्चालन गरी ६६१ जनालाई सहभागी गराइएको, १२२ जना प्रविधि तथा उपकरण वितरणबाट लाभान्वित भएको र विद्यालयस्तरका २३ वटा सचेतना कार्यक्रमबाट १,२०६ जना लाभान्वित भएको।

७.७ कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

प्रदेशको आर्थिक, सामाजिक तथा कृषि क्षेत्रको विकासमा सहकारी क्षेत्रलाई परिचालन गरी भूमिको प्रकृतिको आधारमा उपयोग गराउनु, कृषि एवम् पशुपन्छीजन्य उत्पादन एवम् व्यापारमा यान्त्रिकीकरण, व्यावसयिकीकरण, बजारीकरण र आधुनिकीकरणका माध्यमबाट प्रतिस्पर्धात्मक अवस्थाको सिर्जना गराउनुका साथै व्यवसायीकिकरण र आधुनिकिकरण मा जोड दिई कृषि क्षेत्रको विकास र विस्तार गरी नयाँ रोजगारीको अवसर सिर्जना गर्नु, कृषि तथा पशुपन्छीको दिगो व्यवस्थापन गरि आत्मनिर्भर कृषिमा जोड दिनु लगायत आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्नु यस मन्त्रालयको मुख्य कार्यजिम्मेवारी रहेको छ।

७.७.१ वित्तीय प्रगति विवरण

कृषि तथा भूमि व्यवस्था मन्त्रालयको आर्थिक वर्ष २०८२/८३ को वित्तीय प्रगति विवरण देहाय रहेको छ।

तालिका २४ कृषि तथा भूमि व्यवस्था मन्त्रालयको वित्तीय प्रगति विवरण

(रकम रू हजारमा)

खर्च/स्रोत प्रकार	विनियोजन	थप/घट	जम्मा बजेट	जम्मा खर्च	खर्च %
चालु	**१९५१६६३.००**	**-६९६३३.४५**	**१८८२०२९.५५**	**११७२९२१.८४**	**६२.३२**
प्रदेश सरकार	१६१६०६३.००	-६९६३३.४५	१५४६४२९.५५	१०५३५८२.५४	६८.१३
सशर्त अनुदान	३३५६००.००	०.००	३३५६००.००	११९३३९.३०	३५.५६
पुँजीगत	**१३५०८७.००**	**२४४५.००**	**१३७५३२.००**	**४६२३७.८३**	**३३.६२**
प्रदेश सरकार	१०९५८७.००	२४४५.००	११२०३२.००	३०२३७.८३	२६.९९
सशर्त अनुदान	२५५००.००	०.००	२५५००.००	१६०००.००	६२.७५
कुल जम्मा	**२०८६७५०.००**	**-६७१८८.४५**	**२०१९५६१.५५**	**१२१९१५९.६८**	**६०.३७**

कृषि तथा भूमि व्यवस्था मन्त्रालयमा आर्थिक वर्ष २०८२/८३ को लागि कुल रू. २ अर्ब ८ करोड ६७ लाख ५० हजार सुरु विनियोजन गरिएकोमा चालुतर्फ रू. १ अर्ब ९५ करोड १६ लाख ६३ हजार र पुँजीगततर्फ रू. १३ करोड ५० लाख ८७ हजार रहेको थियो। यस निकायको लागि चालुतर्फ रू. ६ करोड ९६ लाख ३३ हजार ४ सय ५० घट र पुँजीगततर्फ रू. २४ लाख ४५ हजार थप रकमान्तर भई कुल जम्मा बजेट रू. २ अर्ब १ करोड ९५ लाख ६१ हजार ५ सय ५० कायम भएको थियो। यसमा विनियोजन गरिएको सम्पूर्ण बजेटको स्रोत प्रदेश सरकार र सशर्त अनुदान रहेको छ। विनियोजित कुल रकममध्ये चालुतर्फ रू. १ अर्ब १७ करोड २९ लाख २१ हजार ८ सय ४० (६२.३२ प्रतिशत) र पुँजीगततर्फ रू. ४ करोड ६२ लाख ३७ हजार ८ सय ३० (३३.६२ प्रतिशत) खर्च भई जम्मा रू. १ अर्ब २१ करोड ९१ लाख ५९ हजार ६ सय ८० खर्च भएको छ। समग्रमा कृषि तथा भूमि व्यवस्था मन्त्रालयबाट कुल कायम भएको बजेटको ६०.३७ प्रतिशत खर्च भएको देखिन्छ।

७.७.२ मुख्य उपलब्धिहरू

कृषि तथा भूमी व्यवस्था मन्त्रालयबाट आर्थिक वर्ष २०८२/८३ मा सम्पादन भएका कार्यक्रमबाट प्राप्त मुख्य उपलब्धिहरू देहाय रहेका छन्-

- **नीतिगत तथा कानुनी सुधारः** कृषि, भूमि व्यवस्था तथा सहकारी क्षेत्रको नियमन र व्यवस्थापनका लागि १ वटा नयाँ नियमावली र २० वटा नयाँ मापदण्ड स्वीकृत भएको,

- **खाद्यान्न तथा चैते धान उत्पादन वृद्धिः** खाद्यान्नबाली (धान, मकै, गहुँ) तर्फ ५८३.८६ हेक्टर र चैतेधानतर्फ १९३.७ हेक्टर क्षेत्रफल विस्तार, चैतेधान प्रवर्द्धनबाट मात्र करिब २,८९६.५६ मेट्रिक टन उत्पादन भई **१,५९३** जनाका लागि रोजगारी सिर्जना भएको,
- **आलु तथा तरकारी खेती प्रवर्द्धनः** खायन आलु प्रवर्द्धनतर्फ ४३५.७२ हेक्टर क्षेत्रफल विस्तार भई करिब ३,०५२.९४ मेट्रिक टन आलु उत्पादन तथा तरकारी खेतीतर्फ ९४.४८ हेक्टर क्षेत्र विस्तार भएको,
- **फलफूल तथा सुन्तलाजात बगैंचा विकासः** फलफूल विकास तथा सुन्तलाजात कार्यक्रमअन्तर्गत कुल २१६.६६ हेक्टर क्षेत्रफलमा नयाँ बगैंचा स्थापना तथा ३७५.५५ हेक्टर क्षेत्रफलमा पुराना बगैंचाको व्यवस्थापन र सुदृढीकरण भएको,
- **उन्नत बीउ उत्पादन तथा भण्डारणः** २४३.९७ हेक्टर क्षेत्रफलमा धान, मकै, गहुँ, तोरी लगायतका बालीको उन्नत बीउ उत्पादन प्रवर्द्धन, जसअन्तर्गत १४ मेट्रिक टन मकै, १९.५ मेट्रिक टन गहुँ र ८ मेट्रिक टन आलुको तेस्रो पुस्ताको बीउ ग्रेडिङ तथा भण्डारण भएको,
- **पशुमा पूर्ण खोप अभियान सञ्चालनः** प्रदेशका ८५ वटै स्थानीय तहमा पशुमा लाग्ने ६ वटा प्रमुख संक्रामक रोग (खोरेत, पि.पि.आर., लम्पी स्किन डिजिज आदि) विरुद्ध वृहत् पूर्ण खोप अभियान सञ्चालन गरी कुल १९ लाख ६९ हजार ६९८ पशुमा खोप दिएको,
- **दूध उत्पादनमा आधारित प्रोत्साहन वितरणः** दूध उत्पादक कृषकलाई प्रोत्साहन गर्न अधिकतम रु. ५ प्रतिलिटर अनुदान उपलब्ध गराउने व्यवस्था अनुरूप प्रदेशका ९ जिल्लाका ८५ वटा दुग्ध सहकारी संस्थामार्फत रु. ५ करोड ५७ लाख ६५ हजार बराबरको प्रोत्साहन अनुदान वितरण भएको,,
- **बृहत्तर पशु विकास र पूर्वाधार निर्माणः** बृहत्तर पशु विकास प्रवर्द्धन कार्यक्रमअन्तर्गत कृषक समूह तथा सहकारीलाई रु. २ करोड २० लाख ५५ हजार अनुदान उपलब्ध गराई पशुपालन पूर्वाधार निर्माण, दुग्ध चिस्यान, दाना प्रशोधन तथा यान्त्रिकीकरणका कार्य सम्पन्न भएको,
- **सहकारी संस्थाको नियमन तथा व्यवस्थापनः** प्रदेश क्षेत्राधिकारभित्रका ८४ वटा सहकारी संस्थाको अनुगमन तथा नियमन गरी कानुन विपरीत कार्य गर्ने ३४ वटा संस्थाबाट रु. २० लाख ६३ हजार ६०६ राजस्व (जरिवाना) असुल तथा निष्क्रिय रहेका २९ वटा संस्थाको दर्ता खारेज गरेको,
- **जग्गा चक्लाबन्दी र नापी नक्सा अद्यावधिकः** जग्गा चक्लाबन्दी भएका स्थानहरूमा नापी नक्सा कार्यक्रमअन्तर्गत कास्की, स्याङ्जा, तनहुँ, नवलपरासी, गोरखा, पर्वत र बागलुङ जिल्लाका विभिन्न स्थानीय तहका ४,८०० रोपनी क्षेत्रफलमा नापी नक्सा अद्यावधिक गर्ने कार्य सम्पन्न भएको।

७.८ वन तथा वातावरण मन्त्रालय

गण्डकी प्रदेश सरकारको मिति २०८१।०५।१६ को मन्त्रिपरिषद्को निर्णयानुसार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट विभाजन गरी वन तथा वातावरण मन्त्रालय स्थापना गरिएको हो। आर्थिक वर्ष २०८२/८३ मा बजेट तथा कार्यक्रमसमेत उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयमा विनियोजन गरिएको

मध्येबाट कार्यान्वयन गरिएको हुँदा सो मध्ये नयाँ स्थापना गरिएको वन तथा वातावरण मन्त्रालयले कार्यान्वयन गरेको बजेट तथा कार्यक्रमको प्रगति विवरण देहाय बमोजिम रहेको छ।

७.८.१ वित्तीय प्रगति विवरण

आर्थिक वर्ष २०८२/८३ मा वन तथा वातावरण मन्त्रालयको लागि विनियोजन गरिएको बजेट र खर्च विवरण देहाय रहेको छ।

तालिका २५ वन तथा वातावरण मन्त्रालयको वित्तीय प्रगति विवरण

(रकम रू हजारमा)

खर्च/स्रोत प्रकार	विनियोजन	थप/घट	जम्मा बजेट	जम्मा खर्च	खर्च %
चालु	**६००९००.००**	**०.००**	**६००९००.००**	**४७९११५.९७**	**७९.७३**
प्रदेश सरकार	५६८७००.००	०.००	५६८७००.००	४५०३५२.०२	७९.१९
सशर्त अनुदान	३२२००.००	०.००	३२२००.००	२८७६३.९४	८९.३३
पुँजीगत	**४६४१४०.००**	**३६२६.८२**	**४६७७६६.८२**	**३५०१५२.५३**	**७४.८६**
प्रदेश सरकार	३१७९४०.००	३६२६.८२	३२१५६६.८२	२५१०१५.६७	७८.०६
सशर्त अनुदान	१४६२००.००	०.००	१४६२००.००	९९१३६.८६	६७.८१
कुल जम्मा	**१०६५०४०.००**	**३६२६.८२**	**१०६८६६६.८२**	**८२९२६८.५०**	**७७.६०**

वन तथा वातावरण मन्त्रालयमा आर्थिक वर्ष २०८२/८३ को लागि कुल रू. १ अर्ब ६ करोड ५० लाख ४० हजार सुरु विनियोजन गरिएकोमा चालुतर्फ रू. ६० करोड ९ लाख र पुँजीगततर्फ रू. ४६ करोड ४१ लाख ४० हजार रहेको थियो। यस निकायको लागि चालुतर्फ रकमान्तर नभएको र पुँजीगततर्फ रू. ३६ लाख २६ हजार ८ सय २० थप रकमान्तर भई कुल जम्मा बजेट रू. १ अर्ब ६ करोड ८६ लाख ६६ हजार ८ सय २० कायम भएको थियो। यसमा विनियोजन गरिएको सम्पूर्ण बजेटको स्रोत प्रदेश सरकार र सशर्त अनुदान रहेको छ। विनियोजित कुल रकममध्ये चालुतर्फ रू. ४७ करोड ९१ लाख १५ हजार ९ सय ७० (७९.७३ प्रतिशत) र पुँजीगततर्फ रू. ३५ करोड १ लाख ५२ हजार ५ सय ३० (७४.८६ प्रतिशत) खर्च भई जम्मा रू. ८२ करोड ९२ लाख ६८ हजार ५ सय खर्च भएको छ। समग्रमा वन तथा वातावरण मन्त्रालयबाट कुल कायम भएको बजेटको **७७.६०** प्रतिशत खर्च भएको देखिन्छ।

७.८.२ मुख्य उपलब्धिहरू

वन तथा वातावरण मन्त्रालयले चालु आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्म सम्पादन भएका कार्यक्रमबाट प्राप्त प्रमुख उपलब्धि देहाय रहेका छन्-

- **काठ उत्पादन (राष्ट्रिय तथा निजी वनबाट)** २८२८०६६.२८ क्यू फिट; दाउरा उत्पादनः २८३६.३५ चट्टा भएको,

- **रोजगारी सिर्जनाः** करिब २९२६०३ श्रमदिन बराबरको रोजगारी सिर्जना भएको,
- वन अपराधबाट बरामद भएको १०९४.१९ क्यू. फिट काठ लिलामी भएको,
- वन्यजन्तुबाट भएको क्षति बापत रु.११७८३४२७ बराबरको राहत वितरण भएको,
- वन्यजन्तु उद्धारः ३११ जिवित, ८२ मृत गरी जम्मा ३९३
- विरुवा उत्पादनः ३८९९३५ (वार्षिक, जडीबुटी, बहुबर्षीय)
- ६०० वटा सामुदायिक वनको कार्ययोजना नवीकरण,
- ११ जिल्लामा वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना कार्यान्वयन,
- ८ वटा सिमसार क्षेत्र व्यवस्थापन,
- १७० वटा गल्छी पहिरोको उपचार,
- करीब ४ कि.मि. खोला किनारा संरक्षण,
- ९५ वटा पानी मुहान संरक्षण,
- ११ हेक्टर क्षतिग्रस्त भुमि पुनर्स्थापना,
- २४.५२ हेक्टर वन क्षेत्रको अतिक्रमण हटाएको।

७.९ भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

प्रदेश स्तरीय पूर्वाधार सम्बन्धि नीति निर्माण, योजना तर्जुमा, भौतिक पूर्वाधारको विकास निर्माण र अनुगमन गर्ने, प्रदेश लोकमार्ग तथा यातायात, प्रदेश स्तरका कार्यालयहरुको भौतिक व्यवस्था र निर्माण, सञ्चालन, मर्मत संभार लगायतका विषयहरुको लागि आवश्यक नीति, कानुन, गुरुयोजना, योजना, मापदण्ड तयारी र कार्यान्वयन यस मन्त्रालयको मुख्य कार्यजिम्मेवारी रहेको छ।

७.९.१ वित्तीय प्रगति विवरण

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको आर्थिक वर्ष २०८२/८३ को वित्तीय प्रगति विवरण देहाय रहेको छ।

तालिका २६ भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको वित्तीय प्रगति विवरण

(रकम रू हजारमा)

खर्च/स्रोत प्रकार	विनियोजन	थप/घट	जम्मा बजेट	जम्मा खर्च	खर्च %
चालु	**४९७३९०.००**	**१०७५०.००**	**५०८१४०.००**	**२७४१८०.२४**	**५३.९६**
प्रदेश सरकार	४९०६९०.००	१०७५०.००	५०१४४०.००	२६३१५१.७६	५२.४८
सशर्त अनुदान	६७००.००	०.००	६७००.००	११०२८.४८	१६४.६०
पुँजीगत	**११४८३५१८.००**	**१७९७६६.२७**	**११६६३२८४.२७**	**७६०९९३९.८६**	**६५.२५**
प्रदेश सरकार	२०५१४१८.००	१७९७६६.२७	२२३११८४.२७	१३३७९७२.३०	५९.९७

(रकम रू हजारमा)

खर्च/स्रोत प्रकार	विनियोजन	थप/घट	जम्मा बजेट	जम्मा खर्च	खर्च %
वित्तीय समानीकरण	७७३८९००.००	०.००	७७३८९००.००	५६३६६५५.३२	७२.८४
समपुरक अनुदान	६३९७००.००	०.००	६३९७००.००	३२४१८३.८२	५०.६८
सशर्त अनुदान	१०५३५००.००	०.००	१०५३५००.००	३१११२८.४२	२९.५३
कुल जम्मा	**११९८०९०८.००**	**१९०५१६.२७**	**१२१७१४२४.२७**	**७८८४१२०.०९**	**६४.७८**

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयमा आर्थिक वर्ष २०८२/८३ को लागि कुल रू. ११ अर्ब ९८ करोड ९ लाख ८ हजार सुरु विनियोजन गरिएकोमा चालुतर्फ रू. ४९ करोड ७३ लाख ९० हजार र पुँजीगततर्फ रू. ११ अर्ब ४८ करोड ३५ लाख १८ हजार रहेको थियो। यस निकायको लागि चालुतर्फ रू. १ करोड ७ लाख ५० हजार थप र पुँजीगततर्फ रू. १७ करोड ९७ लाख ६६ हजार २ सय ७० थप रकमान्तर भई कुल जम्मा बजेट रू. १२ अर्ब १७ करोड १४ लाख २४ हजार २ सय ७० कायम भएको थियो। यसमा विनियोजन गरिएको सम्पूर्ण बजेटको स्रोत प्रदेश सरकार, वित्तीय समानीकरण, समपुरक अनुदान र सशर्त अनुदान रहेको छ। विनियोजित कुल रकममध्ये चालुतर्फ रू. २७ करोड ४१ लाख ८० हजार २ सय ४० (५३.९६ प्रतिशत) र पुँजीगततर्फ रू. ७ अर्ब ६० करोड ९९ लाख ३९ हजार ८ सय ६० (६५.२५ प्रतिशत) खर्च भई जम्मा रू. ७ अर्ब ८८ करोड ४१ लाख २० हजार ९० खर्च भएको छ। समग्रमा भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयबाट कुल कायम भएको बजेटको **६४.७८** प्रतिशत खर्च भएको देखिन्छ।

७.९.२ मुख्य उपलब्धिहरू

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयबाट आर्थिक वर्ष २०८२/८३ को आर्थिक वर्षको अन्त्यसम्ममा सम्पादन भएका कार्यक्रमबाट प्राप्त मुख्य उपलब्धिहरू देहाय रहेका छन्-

- **सडक कालोपत्रे तथा ढलान विस्तारः** यस आर्थिक वर्षमा ११५.७ कि.मी. सडक कालोपत्रे तथा ढलान सम्पन्न भई प्रदेशभर हालसम्म सम्पन्न भएको कालोपत्रे/ढलान सडकको कुल लम्बाइ १,२६२.५८ कि.मी. पुगेको,
- **पक्की मोटरेबल पुल निर्माणः** आर्थिक वर्ष २०८२/८३ मा २२ वटा पक्की सडक पुल निर्माण सम्पन्न भई प्रदेशमा हालसम्म सम्पन्न भएका सडक पुलहरूको संख्या १३४ पुगेको,
- **झोलुङ्गे पुल निर्माणः** यस वर्ष थप ९ वटा झोलुङ्गे पुलहरूको निर्माण सम्पन्न भएसँगै प्रदेशभर कुल सम्पन्न झोलुङ्गे पुलको संख्या ९६ पुगेको,
- **सरकारी तथा सामुदायिक भवन निर्माणः** भवन निर्माण तथा संरक्षणतर्फ यस वर्ष ७ वटा आयोजना सम्पन्न भई हालसम्म सम्पन्न भवन आयोजनाहरूको संख्या ७४ पुगेको,

- **रणनीतिक ठूला पुलको निर्माण (डिजाइन एन्ड विल्ड):** 'डिजाइन एन्ड विल्ड' विधिमार्फत स्याङ्जाको बिरघा र गुल्मी जोड्ने ११० मिटर लामो (२ स्पान) कालीगण्डकी नदीको मोटरेबल पुल करिब रु. १३ करोड ५५ लाखको लागतमा सफलतापूर्वक सम्पन्न भएको,
- **प्रादेशिक गौरव तथा बहुवर्षीय सडक कोरिडोर:** 'कोरोला—पोखरा—त्रिवेणी' मार्गअन्तर्गत नवलपुरको डेढगाउँ—झ्यालबास खण्ड (६.६ कि.मी.), बागलुङको गलकोट—हरिचौंर—हिला—तारा—रुमा—म्याग्दी सडक (१०.८ कि.मी.) तथा गोरखाको वारपाक—लाप्राक सडक सम्पन्न भएको,
- **यातायात सेवामा विद्युतीय प्रणालीको सुरुवात:** गण्डकी प्रदेशमै पहिलो पटक यातायात व्यवस्था कार्यालयमार्फत सवारी चालक अनुमतिपत्र (लाइसेन्स) को लिखित परीक्षा कम्प्युटर/विद्युतीय प्रणालीबाट सञ्चालन गरेको,
- **नीतिगत तथा कानुनी सुधार:** भवन निर्माण तथा बस्ती विकास विधेयक तर्जुमा, राइड सेयरिङ नियमावली परिमार्जनलगायत ३१ वटा नीतिगत तथा कानुनी मस्यौदा तयार गरी पेस गरेको साथै प्रदेश सवारी तथा सार्वजनिक सडक ऐन (पहिलो संशोधन) पारित भएको।

७.१० ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय

प्रदेशस्तरको ऊर्जा, विद्युत, सिंचाई, खानेपानी, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान, नीति कानून, मापदण्ड गुरुयोजना योजना तथा आयोजना निर्माण, कार्यान्वन सञ्चालन, मर्मत संभार गरी प्रदेशमा ऊर्जा, विद्युत, सिंचाई र खानेपानीको व्यवस्थापन गर्नु यस मन्त्रालयको मुख्य कार्यजिम्मेवारी रहेको छ।

७.१०.१ वित्तीय प्रगति विवरण

आर्थिक वर्ष २०८२/८३ मा ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयको लागि विनियोजन गरिएको बजेट र खर्चको विवरण देहाय रहेको छ।

तालिका २७ ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयको वित्तीय प्रगति विवरण

(रकम रू हजारमा)

खर्च/स्रोत प्रकार	विनियोजन	थप/घट	जम्मा बजेट	जम्मा खर्च	खर्च %
चालु	**३३१०००.००**	**४५७१.००**	**३३५५७१.००**	**२५५०३१.०२**	**७६.००**
प्रदेश सरकार	३३१०००.००	४५७१.००	३३५५७१.००	२५५०३१.०२	७६.००
पुँजीगत	**३५५४१००.००**	**४३५८४८.००**	**३९८९९४८.००**	**३४४९३३१.९६**	**८६.४५**
प्रदेश सरकार	३१४४५००.००	४३५८४८.००	३५८०३४८.००	३२४२१६०.८९	९०.५५
विशेष अनुदान	२९०६००.००	०.००	२९०६००.००	१३२६८७.६५	४५.६६
सशर्त अनुदान	११९०००.००	०.००	११९०००.००	७४४८३.४३	६२.५९
कुल जम्मा	**३८८५१००.००**	**४४०४१९.००**	**४३२५५१९.००**	**३७०४३६२.९८**	**८५.६४**

ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयमा आर्थिक वर्ष २०८२/८३ को लागि कुल रू. ३ अर्ब ८८ करोड ५१ हजार सुरु विनियोजन गरिएकोमा चालुतर्फ रू. ३३ करोड १० लाख र पुँजीगततर्फ रू. ३ अर्ब ५५ करोड ४१ लाख रहेको थियो। यस निकायको लागि चालुतर्फ रू. ४५ लाख ७१ हजार थप र पुँजीगततर्फ रू. ४३ करोड ५८ लाख ४८ हजार थप रकमान्तर भई कुल जम्मा बजेट रू. ४ अर्ब ३२ करोड ५५ लाख १९ हजार कायम भएको थियो। यसमा विनियोजन गरिएको सम्पूर्ण बजेटको स्रोत प्रदेश सरकार, विशेष अनुदान र सशर्त अनुदान रहेको छ। विनियोजित कुल रकममध्ये चालुतर्फ रू. २५ करोड ५० लाख ३१ हजार २० (७६.०० प्रतिशत) र पुँजीगततर्फ रू. ३ अर्ब ४४ करोड ९३ लाख ३१ हजार ९ सय ६० (८६.४५ प्रतिशत) खर्च भई जम्मा रू. ३ अर्ब ७० करोड ४३ लाख ६२ हजार ९ सय ८० खर्च भएको छ। समग्रमा ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयबाट कुल कायम भएको बजेटको **८५.६४** प्रतिशत खर्च भएको देखिन्छ।

७.१०.२ मुख्य उपलब्धिहरू

ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयबाट आर्थिक वर्ष २०८२/८३ मा सम्पादन भएका कार्यक्रमबाट प्राप्त मुख्य उपलब्धिहरू देहाय रहेका छन्-

- आ.व. २०८२/८३ सम्म विद्युत विस्तार, लघु जलविद्युत मर्मत तथा घरेलु सोलार मार्फत ९९.८० प्रतिशत घरधुरीमा विद्युत पहुँच पुगेको,
- थप ३ वटा लघु जलविद्युत् आयोजना (३९ किलोवाट) मर्मत भइ हालसम्म ९७ वटा आयोजना मार्फत ३,५४५ किलोवाट विद्युत् नियमित भएको र थप ५ वटा संस्थागत सोलार जडान गरि जम्मा २६७ किलोवाट पिक क्षमता पुगेको,
- सतह, लिफ्ट, नयाँ प्रविधि र भूमिगत सिंचाइ तर्फ १९६ हेक्टर नयाँ सुविधा थप भइ प्रदेश सरकारबाट जम्मा ७,८४८ हेक्टर कमाण्ड क्षेत्रमा सिंचित क्षेत्रफल विस्तार भएको,
- कृषक कुलो सुधारबाट थप १,७५९ हेक्टर (जम्मा १३,२५६ हेक्टर) तथा पुनर्स्थापना र सुधारबाट थप ३५१ हेक्टर (जम्मा १८,७११ हेक्टर) जमिनमा भरपर्दो सिंचाइ सुविधा पुगेको,
- १७.९९ किलोमिटर तटबन्ध निर्माण भै ५४.७८ हेक्टर जमिन संरक्षण एवम् जग्गा उकास भएको र हालसम्म जम्मा १५५.९६ किलोमिटर तटबन्ध निर्माण तथा ३,४५९ हेक्टर जमिन संरक्षण भएको,
- आ.व. २०८२/८३ मा १४,०५७ नयाँ निजी धारा जडान भइ प्रदेश सरकारबाट हालसम्म जडान भएका जम्मा निजी धारा संख्या १,७७,३२७ पुगेको,
- आधारभूतस्तरको खानेपानी सुविधा ९३.२० प्रतिशत जनसंख्यामा पुगेको र NWASH-MIS प्रणालीमा ४,६४३ वटा खानेपानी प्रणाली तथा १५,६४,३२८ जनसङ्ख्याको विवरण भू-सूचना सहित प्रविष्ट भएको,

- मनाङ, मुस्ताङ, म्यार्दी र गोरखा जिल्लाका खर्कहरुमा पानी व्यवस्थापनको सम्भाव्यता अध्ययन सम्पन्न भएको र मन्त्री निवास भवनको Detail Damage Assessment of Fire Damaged building कार्य सम्पन्न भएको,
- मन्त्रालयमा GIOMS पूर्ण रूपमा सञ्चालनमा आएको, अन्तर्गतका १४ वटा कार्यालयमा विद्युतीय हाजिरी लागू भएको तथा कर्मचारीहरूलाई AI र खरिद व्यवस्थापन सम्बन्धी तालिम प्रदान भएको,
- जेन्जी आन्दोलनका क्रममा क्षति भएका मन्त्रालय तथा आवास भवनको मर्मत सम्भार सम्पन्न भएको र जलेका सवारी साधनको विमा कम्पनी मार्फत रू. १ करोड ५४ लाख रकम प्राप्त भएको।

७.११ सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

गण्डकी प्रदेश सरकारको मिति २०८१।०५।१६ को मन्त्रिपरिषद्को निर्णयानुसार सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयबाट विभाजन गरी सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय स्थापना गरिएको हो। आर्थिक वर्ष २०८२/८३मा बजेट तथा कार्यक्रमसमेत सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयमा विनियोजन गरिएको मध्येबाट कार्यान्वयन गरिएको हुँदा सो मध्ये नयाँ स्थापना गरिएको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयले कार्यान्वयन गरेको बजेट तथा कार्यक्रमको प्रगति विवरण देहाय रहेको छ।

७.११.१. वित्तीय प्रगति विवरण

आर्थिक वर्ष २०८२/८३ मा सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको लागि विनियोजन गरिएको बजेट र खर्च विवरण देहाय रहेको छ।

तालिका २८ सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको वित्तीय प्रगति विवरण

(रकम रू हजारमा)

खर्च/स्रोत प्रकार	विनियोजन	थप/घट	जम्मा बजेट	जम्मा खर्च	खर्च %
चालु	**१५२४१४३.००**	**-४३५७९.६२**	**१४८०५६३.३८**	**१०४९९३२.७५**	**७०.९१**
प्रदेश सरकार	९२६५९३.००	-४३५७९.६२	८८३०१३.३८	६११०३६.५४	६९.२०
सशर्त अनुदान	५९७५५०.००	०.००	५९७५५०.००	४३८८९६.२०	७३.४५
पुँजीगत	**८७१०२४.००**	**-४१९६०.००**	**८२९०६४.००**	**६८७४०४.४८**	**८२.९१**
प्रदेश सरकार	७१९३७४.००	-४१९६०.००	६७७४१४.००	५९११६४.३३	८७.२७
विशेष अनुदान	७४०००.००	०.००	७४०००.००	४६६३८.१४	६३.०२
सशर्त अनुदान	७७६५०.००	०.००	७७६५०.००	४९६०२.०२	६३.८८
कुल जम्मा	**२३९५१६७.००**	**-८५५३९.६२**	**२३०९६२७.३८**	**१७३७३३७.२३**	**७५.२२**

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयमा आर्थिक वर्ष २०८२/८३ को लागि कुल रू. २ अर्ब ३९ करोड ५१ लाख ६७ हजार सुरु विनियोजन गरिएकोमा चालुतर्फ रू. १ अर्ब ५२ करोड ४१ लाख ४३ हजार

र पुँजीगततर्फ रू. ८७ करोड १० लाख २४ हजार रहेको थियो। यस निकायको लागि चालुतर्फ रू. ४ करोड ३५ लाख ७९ हजार ६ सय २० घट र पुँजीगततर्फ रू. ४ करोड १९ लाख ६० हजार घट रकमान्तर भई कुल जम्मा बजेट रू. २ अर्ब ३० करोड ९६ लाख २७ हजार ३ सय ८० कायम भएको थियो। यसमा विनियोजन गरिएको सम्पूर्ण बजेटको स्रोत प्रदेश सरकार, विशेष अनुदान र सशर्त अनुदान रहेको छ। विनियोजित कुल रकममध्ये चालुतर्फ रू. १ अर्ब ४ करोड ९९ लाख ३२ हजार ७ सय ५० (७०.९१ प्रतिशत) र पुँजीगततर्फ रू. ६८ करोड ७४ लाख ४ हजार ४ सय ८० (८२.९१ प्रतिशत) खर्च भई जम्मा रू. १ अर्ब ७३ करोड ७३ लाख ३७ हजार २ सय ३० खर्च भएको छ। समग्रमा सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयबाट कुल कायम भएको बजेटको **७५.२२** प्रतिशत खर्च भएको देखिन्छ।

७.११.२ मुख्य उपलब्धिहरू

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयले चालु आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्म सम्पादन भएका कार्यक्रमबाट प्राप्त प्रमुख उपलब्धि देहाय रहेका छन् -

- गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली २०८३ मन्त्रीपरिषद्बाट स्वीकृत भएको,
- गण्डकी प्रदेश जेष्ठ नागरिक आश्रम सञ्चालन कार्यविधि २०८२ मन्त्रीपरिषद्बाट स्वीकृत भएको,
- स्थानीय तहमा रहेका दक्ष कामदारको दर्ता र नक्साङ्कन कार्यक्रम अन्तर्गत १२ वटा स्थानीय तहसंगको लागत साझेदारीमा ९००० जना दक्ष कामदारको विवरण सङ्कलन भएको,
- गण्डकी प्रदेशका १८ वटा स्थानीय तहका १०२ वटा विद्यालयका कक्षा ९ मा अध्ययनरत ४९७४ जना विद्यार्थिहरुलाई बृत्ति परामर्श सेवा प्रदान भएको,
- राष्ट्रिय सिप परिक्षण समिति र CTEVT प्रदेश कार्यालयसंगको समझदारीमा २० वटा स्थानीय तहसंगको लागत साझेदारीमा ७७६ जनाको सिप परिक्षण कार्य सञ्चालन गरिएको साथै सिप परिक्षण परामर्शकर्ता ३६ जनाको क्षमता विकास तालिम सञ्चालन भएको,
- विपदबाट क्षति भएका ५८ विद्यालयको पूर्वाधार निर्माणमा सहयोग दिएको,
- हिंसा पिडित महिला तथा बालवालिकाका लागि ८ जिल्लाका जिल्ला सेवा केन्द्र मार्फत २१३ जना पिडित तथा प्रभावितलाई उद्धार र संरक्षण गरेको,
- शैक्षिक परामर्श र भाषा प्रशिक्षण गर्ने कार्यक्रममा अनुगमन निर्देशिका तयार गरी ८५ वटा संस्थालाई सञ्चालन अनुमती प्रदान गरेको,
- हिंसा पीडित महिला तथा बालबालिकाको लागि दीर्घकालिन पुनस्थापना केन्द्रको सञ्चालन गरी १२० जना पिडित तथा प्रभावितलाई केन्द्रबाट संरक्षण गरेको,
- दलित समुदायका व्यक्तिबाट संचालित ४३ वटा व्यवसायलाई प्रोत्साहन गरेको।

७.१२ स्वास्थ्य मन्त्रालय

गण्डकी प्रदेश सरकारको मिति २०८१।०५।१६ को मन्त्रिपरिषद्को निर्णयानुसार सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयबाट विभाजन गरी स्वास्थ्य मन्त्रालय स्थापना गरिएको हो। आर्थिक वर्ष २०८२/८३ मा बजेट तथा कार्यक्रमसमेत सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयमा विनियोजन गरिएको मध्येबाट कार्यान्वयन गरिएको हुँदा सो मध्ये नयाँ स्थापना गरिएको स्वास्थ्य मन्त्रालयले कार्यान्वयन गरेको बजेट तथा कार्यक्रमको प्रगति विवरण देहाय रहेको छ।

७.१२.१ वित्तीय प्रगति विवरण

आर्थिक वर्ष २०८२/८३ मा स्वास्थ्य मन्त्रालयको लागि विनियोजन गरिएको बजेट र खर्च विवरण देहाय रहेको छ।

तालिका २९ स्वास्थ्य मन्त्रालयको वित्तीय प्रगति विवरण

(रकम रू हजारमा)

खर्च/स्रोत प्रकार	विनियोजन	थप/घट	जम्मा बजेट	जम्मा खर्च	खर्च %
चालु	**२६१७२९०.००**	**५६९२२.००**	**२६७४२१२.००**	**१७८८३१६.४२**	**६६.८७**
प्रदेश सरकार	१७७६३९०.००	-२२९१४.००	१७५३४७६.००	१२२५९४२.७१	६९.९१
विशेष अनुदान	९८५००.००	०.००	९८५००.००	५५३९१.३९	५६.२३
सशर्त अनुदान	७४२४००.००	७९८३६.००	८२२२३६.००	५०६९८२.३१	६१.६६
पुँजीगत	**७०९७५०.००**	**-१७६८००.००**	**५३२९५०.००**	**२४७५०९.८९**	**४६.४४**
प्रदेश सरकार	६५४१५०.००	-१७६८००.००	४७७३५०.००	२०९४६८.८४	४३.८८
विशेष अनुदान	३५५००.००	०.००	३५५००.००	३१२९५.५५	८८.१६
सशर्त अनुदान	२०१००.००	०.००	२०१००.००	६७४५.५०	३३.५६
कुल जम्मा	**३३२७०४०.००**	**-११९८७८.००**	**३२०७१६२.००**	**२०३५८२६.३१**	**६३.४८**

स्वास्थ्य मन्त्रालयमा आर्थिक वर्ष २०८२/८३ को लागि कुल रू. ३ अर्ब ३२ करोड ७० लाख ४० हजार सुरु विनियोजन गरिएकोमा चालुतर्फ रू. २ अर्ब ६१ करोड ७२ लाख ९० हजार र पुँजीगततर्फ रू. ७० करोड ९७ लाख ५० हजार रहेको थियो। यस निकायको लागि चालुतर्फ रू. ५ करोड ६९ लाख २२ हजार थप र पुँजीगततर्फ रू. १७ करोड ६८ लाख घट रकमान्तर भई कुल जम्मा बजेट रू. ३ अर्ब २० करोड ७१ लाख ६२ हजार कायम भएको थियो। यसमा विनियोजन गरिएको सम्पूर्ण बजेटको स्रोत प्रदेश सरकार, विशेष अनुदान र सशर्त अनुदान रहेको छ। विनियोजित कुल रकममध्ये चालुतर्फ रू. १ अर्ब ७८ करोड ८३ लाख १६ हजार ४ सय २० (६६.८७ प्रतिशत) र पुँजीगततर्फ रू. २४ करोड ७५ लाख ९ हजार ८ सय ९० (४६.४४ प्रतिशत) खर्च भई जम्मा रू. २ अर्ब ३ करोड ५८ लाख २६ हजार ३ सय १० खर्च भएको छ। समग्रमा स्वास्थ्य मन्त्रालयबाट कुल कायम भएको बजेटको ६३.४८ प्रतिशत खर्च भएको देखिन्छ।

७.१२.२ मुख्य उपलब्धिहरू

स्वास्थ्य मन्त्रालयले चालु आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्म सम्पादन भएका कार्यक्रमबाट प्राप्त प्रमुख उपलब्धि देहाय रहेका छन्-

- **मातृ, नवशिशु तथा बाल स्वास्थ्य कार्यक्रम**
  - घरमै सुत्केरी हुने दर घट्दो क्रममा रहेको तथा केही स्थानीय तहहरूमा पूर्ण संस्थागत सुत्केरी अभियान सञ्चालन भएको,
  - जिल्लाहरूमा पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रम सम्पन्न भएको,
  - किशोरकिशोरी लक्षित सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, मर्यादित महिनावारी र परिवार नियोजन सम्बन्धी स्वास्थ्य शिक्षा कार्यक्रम विस्तार भएको,
  - बर्थिङ सेन्टर, BEONC तथा CEONC साइटमा कार्यरत स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि भएको,
  - बालबालिकाहरुको रुम्याटिक हार्ट डिजिज (Rheumatic Heart Disease)को स्क्रिनिङ गरेको,
  - जन्मजात (Congenital) रोगहरुको पहिचान गर्न नवशिशु स्क्रिनिङ कार्यक्रम सञ्चालन भएको।
- **नसर्ने रोग, मानसिक स्वास्थ्य तथा स्क्रिनिङ**
  - उच्च रक्तचाप, मधुमेह तथा क्षयरोग पहिचानका लागि नियमित स्क्रिनिङ कार्यक्रम सञ्चालन
  - (AI X-ray को प्रयोगबाट) क्षयरोग खोजपड्ताल कार्यक्रम सञ्चालन भएको,
  - नसर्ने रोग पहिचानका लागि विशेष अभियान सञ्चालन भएको,
  - मानसिक स्वास्थ्य सम्बन्धी औषधि खरिद, मनोसामाजिक परामर्शदाता तालिम तथा सचेतना कार्यक्रम सञ्चालन भएको,
  - विद्यालय तथा समुदायस्तरमा स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन भएको।
- **स्वास्थ्य प्रणाली सुदृढीकरण तथा सेवा व्यवस्थापन**
  - eHMIS प्रणाली विस्तार तथा कार्यान्वयन (केही जिल्लामा पूर्ण रूपमा लागू) भएको,
  - मासिक तथ्याङ्क समीक्षा (Data Review) र Feedback प्रणाली सञ्चालन गरी तथ्याङ्क गुणस्तरमा सुधार भएको,
  - SORMAS प्रयोगमार्फत स्वास्थ्य आपतकालीन अवस्थाको निगरानी सुदृढीकरण गरेको,
  - कोल्ड चेन उपकरणको मर्मत, नियमित तापक्रम निगरानी तथा खोप सेसनहरूको नियमित सञ्चालन भएको,
  - विद्युतीय भुक्तानी प्रणाली (EFT) कार्यान्वयन र NHFR मा स्वास्थ्यकर्मीहरूको विवरण अद्यावधिक गरेको,
  - मासिक जनस्वास्थ्य बुलेटिन प्रकाशन तथा कार्यालय वेबसाइट अद्यावधिक गरेको।
- **विपद् तथा महामारी नियन्त्रण**
  - समुदायस्तारमा निगरानी कार्यक्रम विस्तार भएको,

- जिल्ला तथा स्थानीय तहमा Rapid Response Team (RRT/RRC) गठन तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको,
- डेङ्गी लगायत किटजन्य रोग नियन्त्रणका लागि जनचेतनामुलक अभियान सञ्चालन भएको,
- पर्यटकहरुमा High altitude sickness सम्बन्धि जनचेतनाको लागी मनाङ र मुस्ताङमा हेल्थ डेस्क स्थापना गरेको,
- खानेपानी गुणस्तर निगरानी तथा बफर औषधि व्यवस्थापन गरेको।

- **पोषण**
  - Growth Monitoring दरमा वृद्धि तथा कुपोषित बालबालिकाको पहिचान र प्रेषण गरेको,
  - पोषणमैत्री स्थानीय तह घोषणा प्रक्रिया अगाडि बढेको।

७.१३ प्रदेश नीति तथा योजना आयोग

प्रदेशको नीति निर्माण र योजना तर्जुमा प्रक्रियालाई वैज्ञानिक र पारदर्शी बनाउने, दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गरी त्यसको कार्यान्वयनको सहजीकरण गर्ने, आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, पर्यावरणीय र सुशासनका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने, सम्बन्धित मन्त्रालय तथा निकायसँगको समन्वयमा प्रदेशस्तरका नयाँ विकास कार्यक्रम तथा आयोजनाहरुको लेखाजोखा, पूर्व मूल्यांकन तथा परीक्षण समेत गरी सहमति दिने, लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) र स्वीकृत कार्यविधि अनुसार आयोजना तयारी तथा छनौट सम्बन्धी काम गर्ने लगायतका काम यस आयोगको मुख्य कार्यजिम्मेवारी रहेको छ।

७.१३.१ वित्तीय प्रगति विवरण

प्रदेश नीति तथा योजना आयोगको लागि आर्थिक वर्ष २०८२/८३ मा विनियोजन गरिएको जम्मा बजेट र आर्थिक वर्षको अन्त्यसम्ममा भएको खर्चको विवरण देहाय छ।

तालिका ३० प्रदेश नीति तथा योजना आयोगको वित्तीय प्रगति विवरण

(रकम रू हजारमा)

खर्च/स्रोत प्रकार	विनियोजन	थप/घट	जम्मा बजेट	जम्मा खर्च	खर्च %
चालु	**७१०००.००**	**-२०००.००**	**६९०००.००**	**२२५६५.९१**	**३२.७०**
प्रदेश सरकार	७१०००.००	-२०००.००	६९०००.००	२२५६५.९१	३२.७०
पुँजीगत	**६०००.००**	**३१९.०१**	**६३१९.०१**	**२५२७.८०**	**४०.००**
प्रदेश सरकार	६०००.००	३१९.०१	६३१९.०१	२५२७.८०	४०.००
कुल जम्मा	**७७०००.००**	**-१६८०.९९**	**७५३१९.०१**	**२५०९३.७१**	**३३.३२**

प्रदेश नीति तथा योजना आयोगमा आर्थिक वर्ष २०८२/८३ को लागि कुल रू. ७ करोड ७० लाख सुरु विनियोजन गरिएकोमा चालुतर्फ रू. ७ करोड १० लाख र पुँजीगततर्फ रू. ६० लाख रहेको थियो। यस निकायको लागि चालुतर्फ रू. २० लाख घट र पुँजीगततर्फ रू. ३ लाख १९ हजार १० थप रकमान्तर भई कुल जम्मा बजेट रू. ७ करोड ५३ लाख १९ हजार १० कायम भएको थियो। यसमा विनियोजन गरिएको सम्पूर्ण बजेटको स्रोत प्रदेश सरकार रहेको छ। विनियोजित कुल रकममध्ये चालुतर्फ रू. २ करोड २५ लाख ६५ हजार ९ सय १० (३२.७० प्रतिशत) र पुँजीगततर्फ रू. २५ लाख २७ हजार ८ सय (४०.०० प्रतिशत) खर्च भई जम्मा रू. २ करोड ५० लाख ९३ हजार ७ सय १० खर्च भएको छ। समग्रमा प्रदेश नीति तथा योजना आयोगबाट कुल कायम भएको बजेटको ३३.३२ प्रतिशत खर्च भएको देखिन्छ।

७.१३.२ मुख्य उपलब्धिहरू

आर्थिक वर्ष २०८२/८३ को आर्थिक वर्षको अन्त्यसम्ममा प्रदेश नीति तथा योजना आयोगबाट सम्पादन भएका कार्यक्रमबाट प्राप्त मुख्य उपलब्धिहरू देहाय रहेका छन्-

- **पञ्चवर्षीय योजना** : दोस्रो पञ्चवर्षीय योजना तर्जुमा भई कार्यान्वयनमा रहेको,
- **मध्यमकालीन खर्च संरचना निर्माणः** आगामी ३ आर्थिक वर्षको आय र व्यय प्रक्षेपण तथा नतिजा खाकासहितको मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन भएको,
- **स्रोत अनुमान तथा प्रतिवेदनः** आगामी ३ आर्थिक वर्षका लागि उपलब्ध हुन सक्ने स्रोत तथा खर्चको सीमा निर्धारण गरी यथार्थपरक स्रोत अनुमान प्रतिवेदन तयार भएको,
- **बजेट सीमा निर्धारणः** स्रोत अनुमानका आधारमा आर्थिक वर्ष २०८३/८४ को बजेट सीमा निर्धारण गरी मन्त्रालय तथा निकायहरूलाई मार्गदर्शन र ढाँचा उपलब्ध गराएको,
- **आयोजना अनुगमन तथा मूल्याङ्कनः** प्रदेशमा सञ्चालित विकास आयोजनाहरूको स्थलगत अनुगमन गरी जोखिम पहिचान तथा आवश्यक सुधारका लागि सम्बन्धित निकायलाई सुझाव प्रदान गरेको,
- **मुख्यमन्त्री सुशासन फेलोसिप कार्यक्रमः** "मुख्यमन्त्री सार्वजनिक सुशासन फेलोसिप कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" स्वीकृत गरी ९ वटा विधामा ९ जना फेलो छनोट तथा मन्त्रालयहरूमा परिचालन गरेको,
- **विभिन्न अध्ययन तथा अनुसन्धान सम्पन्नः**
  - **State of Environment प्रतिवेदनः** DPSIR ढाँचा प्रयोग गरी गण्डकी प्रदेशको पहिलो वातावरणीय अवस्था प्रतिवेदन तयार भएको,
  - **राजस्व परिचालन रणनीतिः** राजस्वको दायरा विस्तार र चुहावट नियन्त्रणका लागि राजस्व वस्तुस्थिति अध्ययन तथा रणनीति तयार भएको,
  - **Climate Status and Finance Strategy Paper:** ५ वटा रणनीतिक स्तम्भसहित जलवायु उत्थानशील विकास र वित्त परिचालनका लागि रणनीतिपत्र तयार भएको,
  - **समपूरक र विशेष आयोजना प्रभाव अध्ययनः** हिमाली, पहाडी र तराई क्लस्टरबाट ६ वटा नमुना आयोजना छनोट गरी अनुदानको प्रभावकारिता अध्ययन भएको,
  - **उत्पादनमूलक उद्योगको उत्पादकत्व अध्ययनः** औद्योगिक विकास, क्षमता र सुधारका क्षेत्र पहिचान गर्न उत्पादनमूलक उद्योगहरूको उत्पादकत्व अध्ययन भएको।

परिच्छेद-८
समस्या, चुनौती र सुधारका उपाय

आर्थिक वर्ष २०८२/८३मा प्रदेश सरकारले बजेट तथा कार्यक्रम कार्यान्वयन र स्रोत परिचालन गर्दा निम्न समस्या र चुनौती महशुस गरी सुधारका प्रयास गरेको छ।

८.१ बजेट कार्यान्वयन

विनियोजन दक्षता कायम गर्न नसक्दा विनियोजित रकमको ६४.२६% मात्र खर्च गर्न सकिएको अवस्थामा विनियोजन दक्षता कायम गर्नुपर्छ। जसको लागि राजस्व तथा स्रोत अनुमान समितिको सुझावलाई कार्यान्वयन गर्नुपर्दछ।

क. बजेट कार्यान्वयनको लागि आवश्यक पूर्वतयारी (जग्गा प्राप्ति, क्षतिपूर्ति, रेखाङ्कन,बिस्तृत परियोजना प्रतिवेदन, सरोकारवालाको समन्वय) विनाबजेट विनियोजन हुँदा अपेक्षाकृत रुपमा कार्यान्वयन कुशलता हासिल हुनसकेको छैन। आयोजना बैंक कार्यान्वयनमा आउन नसकेको हुँदा कार्यान्वयन योग्य आयोजना छनौटमा चुनौती रहेको छ। आगामी दिनमा आयोजना बैंकमा समावेश भएका आयोजनालाई मात्रै छनौट गर्ने नीति अवलम्वन गर्नुपर्दछ।

ख. आयोजना सञ्चालन गर्न ढुङ्गा, गिटी, बालुवा जस्ता निर्माण सामाग्रीको अभाव, आर्थिक वर्षको बिचमा निर्माण सामग्रीमा भएको मूल्यवृद्धिले निर्माण व्यवसायीबाट काम नै रोक्नेसम्मको अवस्था सिर्जना भई आयोजना सम्पन्न गर्न ढिलाई भएको छ। आयोजनाको लागि आवश्यक निर्माण सामाग्रीको माग र आपूर्ति बीचमा सन्तुलन कायम गर्न चुनौती देखिएको छ। आगामी दिनमा खरिद प्रक्रिया सुरु हुनु अगावै निर्माण सामग्रीको आपूर्तीको मात्रा र स्रोत सुनिश्चित गर्नुपर्ने देखिन्छ।

ग. प्रशासनिक निकाय र संरचनाको वृद्धि, मूल्य वृद्धिका कारण चालु खर्चमा निरन्तर वृद्धि हुँदा पुँजीगत खर्चमा चाप परेको छ। प्रशासनिक खर्चलाई नियन्त्रण गर्न अनावश्यक संगठन संरचना खारेजी, खर्चको मापदण्डको पूर्ण पालना गरी वित्तीय अनुशासन कायम गर्न चुनौती रहेको छ। आगामी दिनमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी प्रशासनिक संरचनालाई चुस्त बनाउने र चालु खर्चलाई औचित्यपूर्ण बनाउँदै पुँजीगत खर्चसँग सामञ्जस्यता कायम गर्नुपर्दछ।

घ. आयोजना प्रमुख र आयोजनाका Key Staff लाई आयोजना सम्पन्न नहुँदै पटकपटक सरुवा गरिंदा कार्यसम्पादन सम्झौता कार्यान्वयन र समयमै आयोजना सम्पन्न गर्न ढिलाई भएको छ। आयोजनाको कार्यसम्पादनलाई कर्मचारीको वृत्तिविकाससँग आवद्ध गर्न नसक्दा उत्तरदायित्वको संस्कृतिको अभाव देखिन्छ। यसबाट कार्यसम्पादन व्यवस्थापनमा चुनौती देखिएको छ। आगामी दिनमा आयोजना प्रमुख र आयोजनाका Key Staff लाई कार्यसम्पादन सम्झौता बमोजिम काममा लगाउने, मूल्याङ्कनका वस्तुगत आधार तोक्ने र कार्यसम्पादनलाई कर्मचारीको वृत्तिविकाससँग आवद्ध गर्ने साथै कार्यसम्पादन स्तर

सन्तोषजनक नभएको मूल्याङ्कनबाट देखिएमा मात्रै आयोजना प्रमुख हटाउने गर्नुपर्दछ। साथै आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनुपर्दछ।

८.२ स्रोत परिचालन

क. प्रदेश सरकारका संगठन संरचनाहरू व्यवस्थित भैनसकेका, केन्द्रिकृत प्रणालीबाट सञ्चालित संयन्त्रहरुको प्रदेशमा हस्तान्तरण भैनसक्दा प्रदेशको अधिकार क्षेत्रभित्रका राजस्वहरू प्रदेश सञ्चित कोषमा जम्मा नहुँदा प्रदेशको आन्तरिक स्रोत प्रभावित भएको छ। तीनै तहका प्रशासनिक संरचना तीनै तहका सरकारप्रति उत्तरदायि बनाउनु चुनौती रहेको छ। प्रदेश सरकारको राजस्व अधिकार क्षेत्र भित्रका विषयमा स्पष्ट कानून तर्जुमा गरी जुनसुकै तहको संयन्त्रबाट संकलित राजस्व प्रदेश सञ्चित कोषमा जम्मा हुने व्यवस्था मिलाउनुपर्छ।

ख. प्रदेश सरकारका निकायहरू बजेट विनियोजन र खर्चमा केन्द्रित हुँदा नविन स्रोतको पहिचान, सङ्कलन र व्यवस्थापनमा पर्याप्त ध्यान पुग्न सकेको छैन। राजस्व सङ्कलन र नियमनको लागि छुट्टै संयन्त्रको व्यवस्था नहुँदा तथा राजस्व शाखामा कार्यरत कर्मचारीहरुलाई पर्याप्त तालिम तथा क्षमता अभिवृद्धिका अवसरहरु नहुँदा प्रदेश सरकारको आन्तरिक राजस्वमा अपेक्षाकृत वृद्धि हुन सकेको छैन। राजस्वको दायरा वृद्धि गर्ने, राजस्व सङ्कलनलाई नियमन गर्ने र राजस्व सङ्कलन गर्ने कार्यालयमा कार्यरत जनशक्तिलाई प्रोत्साहन दिई उत्प्रेरित गर्नुपर्छ। साथै सङ्घ, प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्धित राजस्व प्रणाली विकास गरिनुपर्दछ।

ग. राजस्व सङ्कलन गर्ने निकायहरूमा सार्वजनिक सेवा सुदृढिकरणका लागि पर्याप्त बजेट विनियोजन हुन सकेको छैन। राजस्व तिर्न आउने सेवाग्राहीलाई आधारभूत सुविधासमेत दिन नसक्दा सार्वजनिक सेवा र राजस्वप्रति नकरात्मक प्रभाव परेको छ। स्रोतको सीमितता र खर्चको आवश्यकताबिचमा सन्तुलन नहुँदा सार्वजनिक सेवा प्रवाह गर्ने कार्यालयका सेवाहरूलाई उचित व्यवस्थापन गर्न नसक्नु चुनौतीको रुपमा रहेको छ। आगामी दिनमा राजस्वप्रति सर्वसाधारणको सकरात्मक धारणा बनाउन, सहज रुपमा राजस्व सङ्कलनको व्यवस्था मिलाउन र स्रोत परिचालनको अधिकतम् परिचालन गर्न राजस्व सङ्कलनलाई डिजिटाइज गर्दै कार्यालयमा आउने सेवाग्राहीलाई आधारभूत सुविधा उपलब्ध गराउन पर्याप्त बजेट विनियोजन गर्नु आवश्यक छ। स्वयं कर प्रणालीलाई मजबुत बनाईनु पर्दछ।

अनुसूचीहरु

अनुसुची-१
अन्तरसरकारी अख्तियारी कार्यान्वयन सम्बन्धी विवरण

विनियोजन ऐन, २०८२ को दफा ८(१) बमोजिम संघीय निकाय तथा स्थानीय तहबाट कार्यान्वयन गर्ने गरी अख्तियारी प्रदान गरिएका आयोजना कार्यान्वय सम्बन्धी प्रगति विवरण देहाय अनुसार रहेको छ :

क. संघीय निकायबाट भएको अख्तियारी कार्यान्वयन सम्बन्धी प्रगति विवरण

(रकम रू. हजारमा)

खर्च प्रकार/अनुदान संख्या/कार्यालय कोड	अख्तियारी रकम	खर्च	खर्च %
पुँजीगत	**९९८२०**	**६८२१६.०५**	**६८.३४**
३०१ - मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	**९९८२०**	**६८२१६.०५**	**६८.३४**
गण्डकी प्रदेश प्रहरी कार्यालय	८१३२०	५९३८६.१७	७३.०३
